# महिला हक अधिकारसँग सम्बन्धित कानुनी व्यवस्थाको सामान्य जानकारी

## (प्रश्नोत्तर सँगालो)



## राष्ट्रिय महिला आयोग

# महिला हक अधिकारसँग सम्बन्धित कानुनी व्यवस्थाको सामान्य जानकारी

## (प्रश्नोत्तर सँगालो)


## राष्ट्रिय महिला आयोग

भद्रकालीप्लाजा, काठमाडौं

फोन नं.: ०१-४२५६७०१, फ्याक्स : ०१-४२५९४११

ईमेल : nwc.gv@gmail.com वेभसाइट : www.nwc.gov.np

नेपाल सरकार
राष्ट्रिय महिला आयोग
National Women Commission
भद्रकालीप्लाजा, काठमाण्डौं



# प्राक्कथन

महिलाको हक हितको संरक्षण, संवर्द्धन तथा महिलालाई सशक्तिकरण गरी लैङ्गिक न्याय सुनिश्चित गर्न राष्ट्रिय महिला आयोगको स्थापना भएको हो । वि.सं. २०७२ मा नेपालको संविधान जारी भएपश्चात संवैधानिक भूमिका प्राप्त गरे बमोजिम आयोगले महिला हक हितका विषयमा अध्ययन, अनुसन्धान तथा अनुगमन गरी महिला अधिकारका विभिन्न पक्षमा वकालत गर्दै आएको छ । नेपालमा दुई दशक यता महिला हक अधिकारका क्षेत्रमा धेरै प्रगति हासिल भएको छ । यद्यपि सामाजिक कुरीतिको रुपमा रहेका कतिपय समाजमा व्याप्त संस्कारहरु महिला हिंसाका प्रमुख कारक तत्व बन्दै आईरहेका छन् । धर्म र परम्पराका नाममा महिला माथि हुने हिंसालाई  अपराध नमानी सामाजिक संस्कारको नाम दिने प्रचलन अझ पनि व्याप्त रहेको हुँदा सोबाट महिला हिंसाका घटना दिनानुदिन बढी रहेको देखिन्छ । यस्ता विषयका विरुद्धमा समयमै स्थानिय स्तर सम्म जनचेतना फैलाउन सकेमा हिंसाका घट्नामा कमी ल्याउन सकिने विभिन्न अध्ययनले पनि देखाएको छ । समयसँग सँगै फौजदारी न्याय प्रणालीमा पनि राज्यले सुधार गरी रहेको हुन्छ । समय अनुसार

कानूनको संशोधन हुनु नियमित प्रकृया हो र यो भई रहेको पनि छ। पुरानो फौजदारी न्याय प्रणालीले कानूनमा अपराध नमानेको कतिपय विषयहरु समय परिवर्तन हुँदा अपराधीकरण गर्दै कानूनमा परिवर्तन समेत भएको छ। यस्ता विषयमा सबै भन्दा अग्रपंङतिमा महिला हिंसाका विषयहरु पर्न आउँछन् जसलाई समाजले अहिले सम्म संस्कार, परम्परा, धर्म र कर्तव्यसँग जोडी रहेको छ। महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि (CEDAW), १९७९ मा नेपालले अनुमोदन गरे पश्चात महिला अधिकारका सम्बन्धमा अन्तराष्ट्रिय रुपमै गरिएको प्रतिबद्धता पुरा गर्न धेरै कानूनमा परिवर्तन समेत भई सकेको छ।

महिला मानव अधिकारको संरक्षण गर्ने काममा सबै भन्दा महत्वपूर्ण भूमिका कानूनको रहन्छ। महिला सम्बन्धी कानूनको निर्माण र परिमार्जन गर्ने विषय राज्यको प्रमुख दायित्व भित्र पर्न आउँछ। तर कानूनको प्रभावकारी कार्यान्वयन भएन भने कानून निर्माणको कुनै अर्थ रहँदैन। कानून कार्यान्वयनको मुख्य पाटो राज्य र राज्यका नियमनकारी निकाय भएता पनि नागरिक पनि यसमा बराबरको जिम्मेवार रहनुपर्दछ, अन्यथा कानून एउटा खोस्टो सरह मात्र बन्न पुग्दछ। सबै नेपाली महिलाहरुलाई कानूनको जानकारी पर्याप्त नभएकोले अधिकार र कर्तव्यको फरक छुट्टयाउन नसक्ने गरेको देखिन्छ। यस्तो समाजमा कानूनको कार्यान्वयन गर्न कठिन हुने हुँदा राज्यले समय समयमा समाजमा विभिन्न माध्यमबाट प्रशस्त सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्नु पर्दछ जसबाट महिलाहरुले कानूनका

विषयमा जानकारी राख्न सकुन् तब मात्र कानून कार्यान्वयन गर्न सम्भव हुन्छ ।

यसै सन्दर्भमा आयोगले स्थानीय तह सम्म महिला अधिकार तथा महिला सम्बन्धी कानूनका सम्बन्धमा जानकारी पुर्याउन सकियोस् भन्दै समय समयमा विभिन्न सचेतनामूलक सामाग्री प्रकाशन गर्दै आएको छ । कानून समय अनुसार संशोधन भई रहने भएकोले हाल सम्मको महिला अधिकार तथा महिला हिंसासँग सम्बन्धित विभिन्न कानूनमा भएका व्यवस्था समेटिने गरी महिला हक अधिकारसँग सम्बन्धित कानूनी व्यवस्थाको सामान्य जानकारी (प्रश्नोत्तर संगालो) तेस्रो संस्करण प्रकाशन गर्ने जमर्को गरेको छ । यस प्रकाशनले दूरदराजमा रहेका महिलाहरु, महिला तथा बालबालिकाका क्षेत्रमा काम गर्ने विभिन्न सरकारी तथा गैरसरकारी निकाय, अधिकारकर्मी, सेवा प्रदायक तथा सर्वसाधारण व्यक्तिहरुले समेत लाभ लिनेछन् भन्ने मैले आशा लिएको छु। अन्त्यमा यस पुस्तक प्रकाशनका लागि सहयोग गर्नु हुने यस आयोगका कर्मचारी, आयोगमा स्वयंमसेवकको रुपमा भि एस ओ नेपालका प्रतिनिधि भई काम गरी रहनु भएका कानूनी परामर्शदाता राधा तण्डुकारलाई धन्यवाद दिन चाहन्छु । साथै यो पुस्तक प्रकाशन गर्न सहयोग पुर्याउने भि एस ओ नेपाल प्रति आभार प्रकट गर्दछु ।



**शान्ता अधिकारी भट्टराई**

सचिव राष्ट्रिय महिला आयोग

# विषयसूची


१. नेपालको संविधानमा महिलाको हक अधिकार सम्बन्धमा गरिएको व्यवस्था

२. राष्ट्रिय महिला आयोग ऐन, २०७४ मा उजुरी प्रकृया सम्बन्धमा गरेका मुख्य कानूनी व्यवस्थाहरु

३. घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ मा भएका मुख्य व्यवस्थाहरु

४. बोक्सीको आरोप (कसूर र सजाय) ऐन, २०७२ मा भएका मुख्य कानूनी व्यवस्थाहरु

५. मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४मा भएका मुख्य कानूनी व्यवस्थाहरु

## ६. मुलुकी देवानी संहिता, २०७४

६.१ विवाह सम्बन्धी व्यवस्था

६.२ विवाहको परिणाम सम्बन्धी व्यवस्था

६.३ सम्बन्ध विच्छेद सम्बन्धी व्यवस्था

६.४ आमा, बाबु तथा छोरा, छोरीको सम्बन्ध सम्बन्धी व्यवस्था

६.५ अंशबण्डा सम्बन्धी व्यवस्था

## ७. मुलुकी अपराध संहिता , २०७४

७.१ विवाह सम्बन्धी कसूरमा भएका व्यवस्थाहरु

७.२. करणी सम्बन्धी कसूर

७.३ गर्भ संरक्षण बिरुद्धको कसूर

७.४ कुटपिट वा अङ्गभङ्ग सम्बन्धी कसूर

७.५ भेदभाव तथा अन्य अपमानजन्य व्यवहार सम्बन्धी कसूर

# १. नेपालको संविधानमा महिलाको हक अधिकार सम्बन्धमा गरिएको व्यवस्था

## १. नेपालको सविधानमा महिलाको हक अधिकार सम्बन्धमा के कस्ता व्यवस्था गरिएको छ ?

### समानताको हक

- समानताको हक अन्तर्गत सबै नागरिक कानूनको दृष्टिमा समान हुनेछन् ।
- कसैलाई पनि कानूनको समान संरक्षणबाट वञ्चित नगरिने ।
- सामान्य कानूनको प्रयोगमा, लिंग, वैवाहिक स्थिति, गर्भावस्थाकुनै आधारमा भेदभाव गरिने छैन । राज्यले नागरिकहरूका बीच उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिंग, आर्थिक अवस्था, भाषा, क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गर्ने छैन ।

- सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिलाको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्न सक्ने ।
- समान कामका लागि लैंगिक आधारमा पारिश्रमिक तथा सामाजिक सुरक्षामा कुनै भेदभाव नगरिने ।
- पैतृक सम्पत्तिमा लैंगिक भेदभाव विना सबै सन्तानको समान हक हुने ।

## महिलाको हकः

- प्रत्येक महिलालाई लैंगिक भेदभाव विना समान वंशीय हक हुनेछ ।
- प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी हक हुनेछ ।
- महिला विरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन ।
- त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।
- राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्त को आधारमा सहभागी हुने हक हुनेछ ।

- महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ ।
- सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको समान हक हुनेछ ।
- सामाजिक रूपले पछाडि परेका महिलालाई समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागिताको हक हुनेछ ।
- आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिलालाई कानून बमोजिम सामाजिक सुरक्षाको हक हुनेछ ।

# २. राष्ट्रिय महिला आयोग ऐन, २०७४ मा उजुरी प्रकृया सम्बन्धमा गरेका मुख्य कानूनी व्यवस्थाहरु

## २. राष्ट्रिय महिला आयोगमा क-कसले उजुरी दिन सक्छन् ?

महिला हिंसा वा सामाजिक कुरीतिबाट पीडित भएको वा महिला अधिकार प्रयोग गर्न नदिएको वा कुनै व्यक्ति वा संस्थाले महिला अधिकारको प्रयोग गर्नबाट वञ्चित गरेको विषयमा पीडित व्यक्ति वा निजको तर्फबाट जो सुकैले आयोग समक्ष लिखित वा मौखिक उजुरी दिन सक्नेछ ।

## ३. राष्ट्रिय महिला आयोगमा उजुरी दिंदा कति दस्तुर लाग्छ ?

आयोगमा उजुरी दिंदा दस्तुर लाग्दैन ।

## ४. राष्ट्रिय महिला आयोगले कुन कुन विषयमा छानविन गर्दैन ?

प्रचलित कानून बमोजिम अन्य कुनै निकायबाट अनुसन्धान भईरहेको वा भईसकेको विषयमा आयोगले छानविन गर्दैन ।

## ५.राष्ट्रिय महिला आयोगले  मुद्दा दायरको सिफारिस कहाँ कहाँ गर्दछ ?

छानबिन गर्दा मुद्दा दायर गर्नु पर्ने देखिएमा त्यस्तो विषयको मुद्दा गर्ने हदम्याद भित्र आयोगले मुद्दा दायर गर्न सम्बन्धित निकाय समक्ष सिफारिस गर्दछ र त्यसको जानकारी सम्बन्धित व्यक्तिलाई समेत दिन्छ ।

## ६. राष्ट्रिय महिला आयोगले आफ्नो अधिकार प्रत्यायोजन क–कसलाई गर्न सक्छ ?

राष्ट्रिय महिला आयोगले आफ्नो काम, कर्तव्य र अधिकार मध्ये कुनै काम, कर्तव्य र अधिकार आयोगको अध्यक्ष, कुनै सदस्य वा नेपाल सरकारको कुनै कर्मचारीलाई तोकिएको शर्तको अधीनमा रही प्रयोग तथा पालन गर्ने गरी प्रत्यायोजन गर्न सक्नेछ ।

## ७. आयोगले कस्तो अवस्थामा विशेषज्ञको सेवा लिन सक्नेछ ?

आयोगले संविधान, यो ऐन र प्रचलित सङ्घीय कानून बमोजिम सम्पादन गर्नु पर्ने कुनै काम आयोगमा कार्यरत जनशक्तिबाट सम्पादन हुन नसक्ने भएमा त्यसको कारण खुलाई प्रचलित सङ्घीय कानून बमोजिम विशेषज्ञको सेवा लिन सक्नेछ ।

## ८.आयोगले कस्ता उजुरीलाई खारेजी वा तामेलीमा राख्न सक्छ ?

आयोगले प्रारम्भिक छानबिन गर्दा त्यस्तो विषय आयोगमा उजुरी लाग्ने नदेखिएमा त्यसको कारण खुलाई आयोगले त्यस्तो उजुरी खारेज गर्न वा तामेलीमा राख्न सक्नेछ ।

## ९. आयोगमा परेका उजुरी उपर छानबिन गर्दा आयोग छानबिन समिति वा छानबिन गर्ने अधिकृत कर्मचारीलाई के-कस्ता अधिकार हुनेछन् ?

- कुनै व्यक्तिलाई उपस्थित गराई जानकारी लिने
- कुनै व्यक्तिलाई कुनै लिखत वा कागजात वा प्रमाण पेश गर्न आदेश दिने
- आवश्यकता अनुसार स्थलगत निरीक्षण गर्ने
- कुनै सरकारी वा सार्वजनिक कार्यालयबाट जाँचबुझको विषयसँग सम्बन्धित कुनै लिखत वा त्यसको नक्कल झिकाउने ।

## १०.राष्ट्रिय महिला आयोगले कस्तो अवस्थामा मेलमिलाप गराउन सक्छ ?

आयोगमा विचाराधीन रहेको कुनै उजुरीका सम्बन्धमा सम्बन्धित पक्षहरुले मेलमिलाप गराई पाउन संयुक्त निवेदन दिएमा आयोगले प्रचलित कानून बमोजिम मिलापत्र हुन सक्ने विषयमा मेलमिलाप गराई दिन सक्नेछ ।

## ११. मेलमिलाप भईसकेको विषयमा राष्ट्रिय महिला आयोगमा पुनः उजुर लाग्छ कि लाग्दैन ?

कुनै उजुरीका सम्बन्धमा मेलमिलाप भएपछि मेलमिलाप भएको विषय कार्यान्वयन नभएको विषयमा बाहेक अन्य विषयमा आयोगमा पुनः उजुर लाग्ने छैन ।

## १२. राष्ट्रिय महिला आयोगले पीडित महिलालाई तत्काल सुरक्षा वा पुर्नस्थापना गर्ने सम्बन्धमा के गर्न सक्छ ?

महिला विरुद्धको हिंसा वा विभेदको कारण सामाजिक रुपमा बहिष्करण वा जोखिम वा विस्थापित वा पीडित महिलालाई सुरक्षा केन्द्र वा पुर्नस्थापना केन्द्रमा पठाउने व्यवस्थाको लागि सिफारिस गर्ने काम गर्दछ ।

## १३. आयोगले कस्तो विषयमा कारबाहीको लागि लेखी पठाउन सक्नेछ ?

संविधान वा यस ऐन बमोजिम कुनै निकाय वा पदाधिकारीले आयोगले दिएको आदेश, आयोगको निर्णय वा सिफारिस जानीजानी कार्यान्वयन नगरेमा वा आयोगलाई आवश्यक सहयोग उपलब्ध नगराएमा आयोगले त्यस्तो निकाय वा अधिकारीको तालुक निकाय वा अधिकारी समक्ष आवश्यक कारबाहीको लागि लेखी पठाउन सक्नेछ ।

# ३.घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ मा भएका मुख्य व्यवस्थाहरु

### १४.घरेलु हिंसा भन्नाले के बुझिन्छ ?

कुनै व्यक्तिले घरेलु सम्बन्ध भएको अर्को व्यक्तिलाई दिएको शारीरिक, मानसिक, यौनजन्य वा आर्थिक यातना सम्झनु पर्छ ।

### १५. घरेलु सम्बन्ध भएको व्यक्ति भन्नाले के बुझिन्छ ?

- बंशजको कारणबाट भएको सम्बन्ध,
- विवाहबाट भएको सम्बन्ध,
- धर्मपुत्र वा धर्मपुत्रीको कारण भएको सम्बन्ध,
- संयुक्त परिवारको सदस्य, आश्रित वा कामदारको रुपमा एकै परिवारमा बसेका व्यक्तिहरुका बीचमा भएको सम्बन्ध,
- सँगै बसेका जोडी वा अंश लिई वा नलिई भिन्न बसेका पति वा पत्नीको सम्बन्ध समेत बुझिन्छ ।

## १६.शारीरिक यातना भन्नाले के बुझिन्छ ?

कुटपिट गर्ने, कानूनी विपरीत थुनामा राख्ने, शारीरिक चोट पुर्‍याउने, तेजाव वा यस्तै प्रकारका अन्य पदार्थ छर्किइ वा सो पदार्थले पोली डामी, दली, घसी जीउमा पीडा गराउने वा अनुहार वा शरीरको कुनै अंग कुरुप पारिदिने वा यस्तै अन्य कुनै काम गर्ने वा गराउने कार्य बुझिन्छ ।

## १७. मानसिक यातना भन्नाले के बझिन्छ ?

शारीरिक यातनाको डर धाक देखाउने वा धम्की दिने, त्रासपूर्ण व्यवहार गर्ने, गाली गलौज गर्ने झुट्ठा बात लगाउने, घरबाट निकाला गर्ने, वैचारिक, धार्मिक, साँस्कृतिक, प्रथा, परम्पराका आधारमा भेदभाव गर्ने, रुप, रंग, शारीरिक बनावट तथा कुनै रोग लागेका आधारमा अपमानित गर्ने, मानसीक सन्तुलन गुमाउने, आत्महत्या गर्न दुरुत्साहन दिने वा आत्महत्या गर्ने परिस्थिति खडा गर्ने हदसम्मको कार्य सम्झनु पर्छ र सो शब्दले मानसिक तथा भावनात्मक चोट पुग्न सक्ने अन्य कुनै काम समेतलाई जनाउँछ ।

## १८.यौनजन्य यातना भन्नाले के बुझिन्छ ?

यौनजन्य प्रकृतिको दुर्व्यवहार, अपमान, हतोत्साह वा आत्मसम्मानमा चोट पुऱ्याउने वा सुरक्षित यौन स्वास्थ्यमा आघात पुग्ने कुनै पनि कार्य बुझिन्छ ।

## १९. आर्थिक यातना भन्नाले के बुझिन्छ ?

सगोल वा निजी सम्पत्तिको प्रयोग गर्न वा रोजगारी वा आर्थिक स्रोत र साधनको पहुँच वा प्रयोगमा बञ्चित गर्ने कार्य सम्झनु पर्छ। महिलाको हकमा दाइजो माग गर्ने, दाइजो ल्याउन दबाव दिने वा दाइजो नल्याएको कारणबाट गरिने घृणा, हेला वा तिरस्कार समेत बुझिन्छ।

## २०. घरेलु हिंसा भएमा कहाँ र कसले उजुरी गर्ने ?

- प्रहरी कार्यालय
- स्थानीय निकाय
- राष्ट्रिय महिला आयोग
- सम्बन्धित जिल्ला अदालत
- घरेलु हिंसा भएको, भैरहेको वा हुन लागेको थाहा पाउने जुनसुकै व्यक्तिले उल्लेखित ४ निकाय मध्ये कुनै एक निकायमा घरेलु हिंसा सम्बन्धी लिखित वा मौखिक उजुरी दिन सकिन्छ।

## २१. प्रहरी कार्यालयमा परेको उजुरीको कारवाही प्रकृया कसरी हुन्छ ?

- प्रहरी कार्यालयमा उजुरी दर्ता भएकोमा प्रहरी कार्यालयले बाटोको म्याद बाहेक २४ घण्टाभित्र पीडकलाई झिकाईन्छ र अटेर गरे पक्राउ गरी तुरुन्त

बयान गराईन्छ। यसरी कारवाही गर्दा पीडकलाई तारेखमा राखी कारवाही गर्दछ।

- पीडितले चाहेमा प्रहरी कार्यालयले उजुरी परेको ३० दिन भित्र दुवै पक्षबीच मेलमिलाप गराईदिनु पर्दछ। यदि पीडक उपस्थित नभएमा वा उपस्थित गराउन नसकिएमा वा पक्षहरुवीच मेलमिलाप हुन नसकेमा उजुरी कर्ताको सहमति भएमा ३० दिनको मेलमिलाप गराउने म्याद समाप्त भएको मितिले १५ दिन भित्र सबै व्यहोरा उल्लेख गरी सोसँग सम्बन्धित कागजात र प्रमाणहरु राखी अदालत समक्ष पठाईदिनु पर्नेछ।

## २२. घरेलु हिंसा मुद्दामा अदालतले कुन अवस्थामा अन्तरिम संरक्षणात्मक आदेश दिन सक्दछ ?

पीडितलाई तत्काल संरक्षण दिन आवश्यक देखिएमा अदालतले उजुरीको अन्तिम निर्णय नभएसम्मको लागि पीडकका नाममा निम्न बमोजिम आदेश दिन सक्दछ :

- पीडितलाई आफु बसी आएको घरमा बसोबास गर्न दिन, खान लाउन दिन, कुटपिट नगर्न तथा शिष्ट र सभ्य व्यवहार गर्न,
- पीडितलाई आवश्यकता अनुसार उचित उपचार गराउन वा उपचारका लागि उपयुक्त रकम दिन,

- पीडक र पीडितलाई एकै ठाउँमा बसोबास गर्न उपयुक्त हुने नदेखिएमा पीडकलाई अलग बस्ने व्यवस्था गर्न तथा त्यसरी अलग बस्दा पीडितको भरण पोषणको लागि आवश्यक व्यवस्था गर्न,
- गाली बेइज्जती गर्ने धम्की दिने वा असभ्य व्यवहार गर्ने काम नगर्न वा नगराउन,
- पीडित छुट्टै बसेको ठाउँमा वा बाटोघाटोमा वा कार्यालयमा गई वा कुनै किसिमको सञ्चार माध्यमद्वारा वा अन्य कुनै प्रकारले दुःख दिने वा सताउने कार्य नगर्न
- पीडितको हित र सुरक्षाको निमित्त अन्य आवश्यक र उपयुक्त कुरा गर्न गराउन,
- कसैले अदालतबाट जारी अन्तरिम संरक्षणात्मक आदेशलाई पालना नगरेमा २ हजार रुपैयाँदेखि १५ हजार रुपैयाँसम्म जरिवाना वा ४ महिनासम्म कैद वा दुवै सजाय हुन्छ ।

## २३. घरेलु हिंसाको मुद्दामा अदालती कार्यवाही कसरी हुन्छ ?

पीडितले अनुरोध गरेमा घरेलु हिंसाको उजुरी सम्बन्धी कारवाही र सुनुवाइ अदालतले बन्द इजलासमा गर्नु पर्नेछ । बन्द इजलासमा कारवाही र सुनुवाइ हुँदा मुद्दाका पक्ष, विपक्ष निजहरुका कानून व्यवसायी र अदालतले अनुमति दिएका व्यक्ति मात्र बन्द इललासमा प्रवेश गर्न पाउँदछन् ।

## २४. घरेलु हिंसा पिडित भएमा कति दिन भित्र उजुरी दिनु पर्दछ ?

घरेलु हिंसा भएमा पिडित पक्षले ९० दिनभित्र सम्वन्धित निकायमा उजुरी गरि सक्नु पर्दछ ।

## २५. घरेलु हिंसाबाट पीडित व्यक्तिको उपचारको खर्च कसले व्यहोर्दछ ?

- घरेलु हिंसाको कारण पीडितलाई तत्काल उपचारको आवश्यक परेको खण्डमा उपचार गराउँदा लागेको सम्पूर्ण खर्च पीडकले व्यहोर्नु पर्नेछ ।
- पीडकले उपचार खर्च तत्काल उपलब्ध गराउन नसक्ने भएमा महिला तथा बालबालिका कार्यालय वा सेवा केन्द्रबाट पीडितले उपचार रकम पाउने गरी अदालतले आदेश गर्न सक्दछ ।

## २६. घरेलु हिंसा कसूरमा पिडित पक्षलाई क्षतिपूर्ति कोबाट र कसरी भराईन्छ ?

पीडित व्यक्तिलाई घरेलु हिंसाको प्रकृति, मात्रा, पीडितलाई पुगेको पीडा र पीडक तथा पीडितको आर्थिक तथा सामाजिक हैसियत समेतलाई विचार गरी अदालतले पीडकबाट मनासिब माफिकको क्षतिपूर्ति भराइदिन सक्नेछ ।

## २७. कस्ता प्रकारका घरेलु हिंसाका मुद्दा सरकारवादी हुने व्यवस्था रहेको छ ?

कसैले अङ्ग भङ्ग गरी वा तेजाव वा यस्तै प्रकारका अन्य पदार्थ छर्कीइ वा सो पदार्थले पोली, डामी, दली, घसी जीउमा पीडा गराउने वा अनुहार वा शरीरको कुनै अंग कुरुप पारिदिने गरी भएको शारीरिक यातना वा यौनजन्य यातना सम्बन्धी घरेलु हिंसाको कसुर गरेमा त्यस्तो व्यक्तिलाई प्रचलित कानून बमोजिम सजाय हुनेछ। यस्तो प्रकृतिको मुद्दाहरु नेपाल सरकार वादी भई चल्ने छ।

## २८. घरेलु हिंसा गर्ने व्यक्तिलाई के कति सजाय हुन्छ ?

घरेलु हिंसा कसूरमा ३ हजार रुपैयाँदेखि २५ हजार रुपैयाँसम्म जरिवाना वा छ महिनासम्म कैद वा दुवै सजाय हुन्छ।

## २९.घरेलु हिंसाको उद्योग गर्ने मतियार के कति सजाय हुन्छ ?

घरेलु हिंसाको उद्योग (दुस्प्रयास) वा दुरुत्साहन गर्ने वा मतियार (मद्दत गर्ने व्यक्ति) लाई मुख्य कसूरदारलाई हुने सजायको आधा सजाय हुनेछ।

## ३०. कस्तो व्यक्तिले घरेलु हिंसाको कसूर गरेमा थप सजाय हुन्छ ?

सार्वजनिक जवाफदेहीको पदमा बहाल रहेको व्यक्तिले आफ्नो पत्नी, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, नाबालक वा गर्भवती महिला विरुद्ध घरेलु हिंसाको कसुर गरेमा थप १० प्रतिशत सजाय हुन्छ ।

## ३१.घरेलु हिंसाको कसूरमा सजाय पाइसकेको व्यक्तिले पुनः सोही कसूर गरेमा कति सजाय हुन्छ ?

घरेलु हिंसाको कसूरमा सजाय पाइसकेको व्यक्तिले पुनः सोही कसूर गरेमा पटकैपिच्छे दोब्बर सजाय हुन्छ ।

# ४. बोक्सीको आरोप (कसूर र सजाय) ऐन, २०७२ मा भएका मुख्य कानूनी व्यवस्थाहरु

### ३२. के कस्तो कार्य गरेमा वा गराएमा बोक्सीको आरोप सम्बन्धी कसुर गरेको मानिन्छ ?

- कुनै व्यक्तिलाई बोक्सीको आरोप लगाएमा,
- बोक्सीको आरोपमा गाली बेइज्जती गरेमा,
- बोक्सीको आरोप लागेको व्यक्तिको परिवारको कुनै सदस्यप्रति अपमानजनक व्यवहार गरेमा,
- बोक्सीको आरोपमा सामाजिक बहिष्कार गरेमा,
- बोक्सीको आरोपमा बसोबास गरेको ठाउँबाट निकाला गरेमा,
- धामी, झाँक्री, टुनामुना, तन्त्रमन्त्र, झारफुक वा कुनै माध्यमद्वारा बोक्सीको आरोप लगाएमा,

- बोक्सीको आरोपमा कुटपिट, अङ्गभङ्ग गरेमा, कुनै किसिमले यातना दिएमा, मलमुत्र खुवाएमा, चारपाटा मुड्ने, नग्न पारी वा नपारी घुमाउने वा क्रुर, अमानवीय वा अपमानजनक व्यवहार गरेमा
- बोक्सीको आरोपमा कसैको सम्पत्ति तोडफोड हिनामिना वा हानि नोक्सानी गर्ने,
- बोक्सी आरोप लगाउन उद्योग गर्ने, त्यस्तो कार्य गर्न दुरुत्साहन दिने वा सो कार्य गर्न मद्दत गर्ने,
- बोक्सीको आरोप लगाउने कार्यलाई मद्दत पुग्ने उद्देश्यले कुनै भेला गरे वा गराएमा बोक्सीको आरोप सम्बन्धी कसुर गरेको मानिन्छ ।

## ३३. बोक्सीको आरोप कसुरमा कसले कहाँ उजुरी दिन सक्दछ ?

बोक्सीको आरोप सम्बन्धी कसुर भएको, भइरहेको वा हुन लागेको थाहा पाउने जुनसुकै व्यक्तिले नजिकको प्रहरी कार्यालयमा लिखित निवेदन वा मौखिक सूचना दिन सक्दछ ।

## ३४. बोक्सीको आरोप सम्बन्धी कसुर मुद्दामा उजुरी गर्ने हदम्याद कति हुन्छ ?

बोक्सीको आरोप सम्बन्धी कसुर भए गरेको मितिले ९० दिन भित्र उजुरी दिनुपर्छ ।

## ३५.बोक्सीको आरोप सम्बन्धी कसुर मुद्दाको कारबाही कसरी हुन्छ ?

तत्काल प्राप्त प्रमाणबाट बोक्सीको आरोप सम्बन्धी कसुरदार हो भन्ने विश्वास गर्ने मनासिव आधार भएमा मुद्दा हेर्ने अदालतले अभियुक्त लाई थुनामा राखी कारवाही गर्दछ ।

## ३६. बोक्सीको आरोप सम्बन्धी कसुर प्रमाणित भएमा के कति सजाय हुन्छ ?

- बोक्सीको आरोप सम्बन्धी मुद्दामा कसुर गर्ने व्यक्तिलाई कसुरको मात्रा हेरी ६ महिना देखि बढीमा ८ वर्षसम्म कैद र रु ५ हजार देखि रु १ लाख सम्म जरिवानाको व्यवस्था छ ।
- बोक्सीको आरोपमा अङ्गभङ्ग गरेमा कानुन बमोजिम हुने सजायमा थप १० प्रतिशत सजाय हुन्छ ।
- आफ्नो संरक्षण वा अभिभावकत्वमा रहेको व्यक्ति विरुद्ध बोक्सीको आरोप सम्बन्धी कसुर गरेमा वा सार्वजनिक जवाफदेहीको पदमा बहाल रहेको व्यक्तिले बोक्सीको आरोप सम्बन्धी कसुर गरेमा कसुरको मात्रा हेरी थप २५ प्रतिशत सजाय हुन्छ ।
- बोक्सीको आरोप सम्बन्धी कसुरमा सजाय पाइसकेको व्यक्तिले पुनः सोही कसुर गरेमा पटकैपिच्छे दोब्बर सजाय हुन्छ ।

- अदालतले पीडितलाई मनासिब माफिकको क्षतिपूर्ति भराईदिनेछ ।

## ३७. बोक्सीको आरोप कसूरमा पीडितको उपचार खर्च कसले व्यहोर्छ ?

पीडितलाई अस्पताल वा स्वास्थ्य केन्द्रमा उपचार गराउँदा लागेको र कुरुवा राख्दा भएको सम्पूर्ण खर्च कसूरदारले व्यहोनुपर्नेछ ।

## ३८.बोक्सीको आरोप सम्बन्धी कसुर कुन किसिमको मुद्दा हो ?

बोक्सीको आरोप सम्बन्धी कसुर सरकार बादी हुने फौजदारी मुद्दा हो ।

## ३९. बोक्सीको आरोप सम्बन्धी मुद्दामा अदालती कार्यवाही कसरी हुन्छ ?

पीडितले माग गरेमा बोक्सीको आरोप सम्बन्धी मुद्दा बन्द इजलासबाट सुनवाई हुन्छ ।

# ५.मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४मा भएका मुख्य कानूनी व्यवस्थाहरु

## ४०. मानव बेचबिखन भन्नाले के बुझिन्छ ?

- कुनै पनि उद्देश्यले मानिस बेच्नु वा किन्नु,
- कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउनु,
- प्रचलित कानून बमोजिम बाहेक मानिसको अङ्ग झिक्नु,
- वेश्यागमन गर्नु ।

## ४१. मानव ओसारपसार भन्नाले के बुझिन्छ ?

- किन्ने वा बेच्ने उद्देश्यले मानिसलाई विदेशमा लैजानु,
- वेश्यावृत्तिमा लगाउने वा शोषण गर्ने उद्देश्यले ललाई फकाई, प्रलोभनमा पारी, झुक्याई, जालसाज गरी, जबर्जस्ती गरी, करकापमा पारी, अपहरण गरी, शरीर बन्धक राखी, नाजुक स्थितिको फाइदा लिई, बेहोस

पारी,पद वा शक्तिको दुरुपयोग गरी, अभिभावक वा संरक्षकलाई प्रलोभनमा पारी, डर, त्रास, धाक, धम्की दिई वा करकापमा पारी कसैलाई बसिरहेको घर, स्थान वा व्यक्तिबाट छुटाई लैजानु वा आफूसँग राख्नु वा आफ्नो नियन्त्रणमा लिनु वा कुनै स्थानमा राख्नु वा नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा वा विदेशमा लैजानु वा अरु कसैलाई दिनु,

## ४२.मानव बेचबिखन तथा ओसार पसार गर्नेलाई कति सजाय हुन्छ ?

- मानिस किन्ने वा बेच्नेलाई २० वर्ष कैद र २ लाख रुपैयाँ जरिबाना हुन्छ
- कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउनेलाई कसूरको मात्रा अनुसार १० वर्षदेखि १५ वर्षसम्म कैद र ५० हजार रुपैयाँदेखि १ लाख रुपैयाँसम्म जरिबाना हुन्छ
- प्रचलित कानून बमोजिम बाहेक मानिसको कुनै अङ्ग झिक्नेलाई १० वर्ष कैद र २ लाख रुपैयाँदेखि ५ लाख रुपैयाँसम्म जरिबाना हुन्छ
- वेश्यागमन गर्नेलाई १ महिनादेखि ३ महिनासम्म कैद र २ हजार रुपैयाँदेखि ५ हजार रुपैयाँसम्म जरिबाना हुन्छ

- किन्न, बेच्न वा वेश्यावृत्तिमा लगाउने उद्देश्यले मानिसलाई, विदेश लैजानेलाई १० वर्षदेखि १५ वर्षसम्म कैद र ५० हजार रुपैयाँदेखि १ लाख रुपैयाँसम्म जरिबाना हुन्छ। तर बालबालिका लगेको भए १५वर्षदेखि २० वर्षसम्म कैद र १ लाख रुपैयाँदेखि २ लाख रुपैयाँसम्म जरिबाना हुन्छ। नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा लैजानेलाई १० वर्ष कैद र ५० हजार रुपैयाँदेखि १ लाख रुपैयाँसम्म जरिबाना र बालबालिका लगेको भए १० वर्षदेखि १२ वर्षसम्म कैद र १ लाख रुपैयाँ जरिबाना हुन्छ।
- वेश्यावृत्तिमा लगाउने वा शोषण गर्ने उद्देश्यले कुनै प्रकारले ललाई फकाई, प्रलोभनमा पारी नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा लैजानेलाई १ वर्षदेखि २ वर्षसम्म कैद र विदेश लगेको भए २ वर्षदेखि ५वर्षसम्म कैद सजाय हुन्छ
- मानव बेचबिखन वा ओसारपसारको कसूर गर्न प्रयास गर्ने वा उक्साउने, षड्यन्त्र गर्नेलाई वा सो कसूरको मतियारलाई सो कसूर गर्दा हुने सजायको आधा सजाय हुन्छ।
- कसैले मानव बेचबिखन तथा ओसारपसारको कार्य गरी कुनै चल-अचल सम्पत्ति प्राप्त गरेको रहेछ भने त्यस्तो सबै सम्पत्ति जफत हुनेछ

## ४३. मानव बेचबिखन तथा ओसार पसार कसूरमा पीडितले के कस्तो अधिकार तथा सुविधा पाउने व्यवस्था गरिएको छ ?

- पीडितले छुट्टै कानून व्यवसायी राख्न पाउने अधिकार
- पीडितले दोभाषे, साङ्केतीक भाषाबिज्ञ वा अनुवादक निशुल्क रुपमा राख्न पाउने
- बन्द इजलासमा मुद्दाको कारवाही हुने
- पीडितको नाम ठेगाना खुलाउन नहुने गोप्य राख्नु पर्ने
- पीडित वा उजुरीकर्ताले सुरक्षाको माग गरेमा अदालत आउदा जादा वा कुनै निश्चित समय सम्म प्रहरी सुरक्षामा राख्नु पर्ने
- उजुरीकर्ताले चाहेमा नाम गोप्य राख्नु पर्ने
- कसुरदारलाई भएको जरिवनाको ५० प्रतिशत बराबरको रकममा नघट्ने गरी पीडितले क्षतिपूर्ति पाउने
- नेपाल सरकारको तर्फबाट अदालतमा उपस्थित भएका साक्षी लाई दैनिक तथा भ्रमण भत्ता उपलब्ध हुने

- आत्मरक्षाको अधिकार प्राप्त हुनेः आफूलाई किन्न वा बेच्न वा बेश्यावृत्तिमा लगाउन लागेको वा किनेको वा वेश्यावृत्तिमा लगाएको थाहा पाई त्यहाँ बाट भाग्न उम्कन लाग्दा बाधा विरोध गरेकोमा केही गर्दा कसूर गर्ने व्यक्तिको ज्यान गएमा पीडित व्यक्तिलाई कुनै सजाय हुदैन ।
- प्रमाणको भार कसूर गर्ने व्यक्ति प्रतिवादी माथि रहने

## ४४. मानव बेचबिखन तथा ओसार पसार कसूरमा उजुरी कहाँ र कसले दिन सक्दछ ?

मानव बेचबिखन र ओसारपसार गरेको, गरिरहेको वा गर्न लागेको थाहा पाउने कुनै पनि व्यक्तिले नजिकको प्रहरी कार्यालयमा उजुरी दिन सक्दछ। उजुरी घटना घटेको जतिसुकै समय पछि पनि दिन सकिन्छ ।

# ६. मुलुकी देवानी संहिता, २०७४

मुलुकी देवानी संहिता, २०७४ नेपाल राज्यभर २०७५ साल भदौ १ गतेबाट लागु भएको छ । यस संहिताले समेटेका महिला तथा बालबालिका सम्बन्धी व्यवस्थाहरुको संक्षिप्त जानकारी यस पुस्तिकामा उल्लेख गरिएको छ ।

## ६.१ विवाह सम्बन्धी व्यवस्था

### ४५. कुन अवस्थामा विवाह भएको मानिनेछ ?

- कुनै पुरुष र महिलाले कुनै उत्सव, समारोह, औपचारिक वा अन्य कुनै कार्यबाट एक अर्कालाई पति पत्नीको रूपमा स्वीकार गरेमा,

- कुनै पुरुषसँगको शारीरिक सम्पर्कबाट महिलाले गर्भधारण गरी शिशु जन्मिएको प्रमाणित भएमा स्वतः विवाह भएको मानिनेछ ।
- विवाह जुनसुकै किसिमबाट भएको भए तापनि सार्वजनिक गर्नु वा गराउनु पर्दछ ।

## ४६. कुन अवस्थामा पुरुषसँगको शारीरिक सम्पर्कबाट शिशु जन्मिएको भए पनि सोही कारणले पुरुष र महिला बीच स्वतः विवाह भएको मानिने छैन ?

- जवरजस्ती करणीको कारणले महिलाले गर्भधारण गरी शिशु जन्मिएमा,
- विवाह गर्न हुने नाता सम्बन्धमा बाहेक हाडनाता करणीमा सजाय हुने नाताका पुरुषसँगको शारीरिक सम्पर्कबाट महिलाले गर्भधारण गरी शिशु जन्मिएमा,
- विवाह गर्ने महिला र पुरुषको उमेर २० वर्ष पूरा नभई गरेको विवाह
- बहुविवाह कायम हुने अवस्था भएमा ।

## ४७. कुन अवस्थामा पुरुष र महिला बीच विवाह हुन सक्दछ ?

- पुरुष र महिलाले एक अर्कालाई पति पत्नीको रूपमा स्वीकार गर्न मञ्जुर गरेमा,

- कानून बमोजिम पुरुष र महिला हाडनाता करणीमा सजाय हुने नाताको नभएको, तर आफ्नो जातीय समुदाय वा कुलमा चली आएको चलन अनुसार विवाह गर्न हुने नाता सम्बन्धमा विवाह गर्न गराउन कुनै बाधा पर्दैन,
- पुरुष र महिला दुवैको वैवाहिक सम्बन्ध कायम रहेको अवस्था नरहेको,
- विवाह गर्ने पुरुष र महिलाको उमेर २० वर्ष पूरा भएको ।

## ४८. कुन अवस्थामा विवाह गर्न र गराउन हुदैन ?

- पुरुष र महिलाले एक अर्कालाई पति पत्नीको रूपमा स्वीकार गर्न मञ्जुर नगरेको,
- कानून बमोजिम पुरुष र महिला हाडनाता करणीमा सजाय हुने नाताको भएमा,
- पुरुष र महिला दुवैको वैवाहिक सम्बन्ध कायम रहेको अवस्थामा,
- बीस वर्ष उमेर पूरा नभएमा ,
- झुक्याई विवाह गर्न वा गराउन हुदैन ।

## ४९. झुक्याई गरिएको विवाह भन्नाले के बुझिन्छ ?

विवाह गर्दा विवाह गर्ने महिला र पुरुषको यर्थाथ जानकारी नदिई लुकाई छिपाई गरिएको विवाहलाई झुक्याई गरिएको

विवाह मानिन्छ । कसैले पनि देहायको कुनै अवस्थाको पुरुष वा महिलालाई झुक्याई विवाह गर्न वा गराउन हुदैन :-

- शरीरमा मानव रोग प्रतिरोधक क्षमता नष्ट गर्ने जीवाणु (एच.आई.भी) वा हेपाटाइटिस बी रहेको वा यस्तै प्रकृतिका निको नहुने कडा रोग लागेको,
- यौनाङ्ग नभएको, नपुङ्सक भएको वा सन्तान उत्पादन गर्ने क्षमता नभएको प्रमाणित भैसकेको,
- पूर्ण रूपमा बोल्न वा सुन्न नसक्ने, पूर्ण रूपमा दृष्टिविहीन वा कुष्ठ रोगी भएको,
- होस ठेगानमा नरहेको,
- विवाह भैसकेको,
- गर्भवती भएको,
- नैतिक पतन देखिने फौजदारी अभियोगमा कसूरदार ठहरी अदालतबाट सजाय पाएको ।

## ५०. झुक्याई गरिएको विवाहको परिणाम के हुन्छ?

झुक्याई गरिएको विवाहलाई मर्का पर्ने व्यक्तिले विवाह बदर गराउन र झुक्याई विवाह गर्ने वा गराउनेबाट मनासिब क्षतिपूर्ति दाबी गर्न सक्दछ ।

## ५१. कुन विवाह स्वतः बदर हुन्छ ?

- पुरुष वा महिलाको मञ्जुरी नभई भएको विवाह,

- हाडनाता करणीमा सजाय हुने नाताका व्यक्तिहरू बीच भएको विवाह,
- २० वर्ष पूरा नभई गरेको विवाह,
- कानून बमोजिम अंशवण्डा गरी भिन्न भएको अवस्थामा बाहेक विवाहित पुरुषले वैवाहिक सम्बन्ध कायम रहेको अवस्थामा गरेको अर्को विवाह ।

## ५२. कुन अवस्थामा गरिएको विवाह वदर गराउन सकिन्छ ?

- विवाह गर्ने महिला र पुरुषको यर्थाथ जानकारी नदिई झुक्याई विवाह गरे वा गराएमा ।
- तर विवाहको परिणाम स्वरुप महिला गर्भवती भएमा वा शिशु जन्मिएमा महिलाको मञ्जुरी भएमा मात्र विवाह बदर हुन सक्नेछ ।

## ५३. विवाह दर्ता गर्न कहाँ र कसले निवेदन दिने ?

- पति तथा पत्नीले कानून बमोजिम तोकेको अधिकारी समक्ष निवेदन दिई आफ्नो विवाह दर्ता गराउनु पर्नेछ ।
- कुनै पुरुषसँगको शारीरिक सम्पर्कबाट महिलाले गर्भधारण गरी शिशु जन्मिएको प्रमाणित भएमा पति र पत्नी दुवैले वा कुनै एक जनाले विवाह दर्ता गराउन निवेदन दिन सक्नेछ ।

- नेपाल बाहिर बसोबास गरेका पति तथा पत्नीले आफू रहे बसेको मुलुकमा रहेको नेपालको राजदूताबास वा महावाणिज्य दूताबासमा विवाह दर्ताको लागि निवेदन दिन सक्ने छन् ।

## ५४. दर्ता विवाहको लागि निवेदन कहाँ दिने ?

दर्ताद्वारा विवाह गर्न चाहने पुरुष वा महिलाले नेपालभित्र भए सम्बन्धित जिल्ला अदालतमा र नेपाल बाहिर भए नेपालको राजदूताबास वा महावाणिज्य दूताबास समक्ष निवेदन दिनु पर्नेछ । यसको लागि पुरुष वा महिला वा दुवै निवेदन दिनु अघि सम्बन्धित जिल्लामा र विदेशमा भए राजदूताबास वा महावाणिज्य दूताबास रहेको सम्बन्धित देशमा कम्तीमा पन्ध्र दिनदेखि रहे बसेको हुनु पर्नेछ ।

## ५५. दर्ता विवाहका लागि निवेदनमा के के व्यहोरा खुलाउनुपर्छ ?

- आफ्नो नाम, थर, उमेर, ठेगाना, पेशा
- बाबु, आमा, बाजे, बज्यैको नाम,
- अघि विवाह भए वा नभएको र विवाह भएको भए वैवाहिक सम्बन्ध अन्त्य भएको व्यहोरा
- कम्तीमा दुई जना साक्षीको नाम

## ५६. कुन कुन अवस्थामा वैवाहिक सम्बन्ध अन्त्य भएको मानिन्छ ?

- विवाह स्वतः बदर भएमा,
- झुक्याई गरिएको विवाहलाई  विवाह गर्ने कुनै व्यक्तिले मञ्जुर नगरी विवाह वदर गराएमा
- कानून बमोजिम पति पत्नीको सम्बन्ध विच्छेद भएमा,
- पत्नीले कानून बमोजिम सम्बन्ध विच्छेद नहुँदै अर्को विवाह गरेमा ।

## ५७. पुरुष वा महिलाले पुनः विवाह कुन अवस्थामा गर्न सकिन्छ ?

- पति पत्नी बीच वैवाहिक सम्बन्ध अन्त्य भएमा,
- पति वा पत्नीको मृत्यु भएमा,
- पति वा पत्नीले कानून बमोजिम अंशबण्डा गरी भिन्न भएमा ।

## ५८. विवाह सम्वन्धी  विवादमा मर्का पर्ने पक्षले कति दिन भित्र उजुरी गर्नु पर्दछ ?

विवाह सम्बन्धी भएका व्यवस्था बमोजिम भए गरेको काम कारबाहीबाट मर्का पर्ने व्यक्तिले त्यस्तो काम कारबाही भए गरेको मितिले ३ महिनाभित्र नालिस गर्न पर्दछ ।

## ६.२ विवाहको परिणाम सम्बन्धी व्यवस्था

### पति र पत्नी मानिने

- कुनै पुरुष र महिलाबीच विवाह भएमा वैवाहिक सम्बन्ध कायम रहेसम्म निजहरु एक अर्काको पति र पत्नीको रुपमा रहेको मानिनेछ ।

### पति र पत्नीको सम्बन्ध र दायित्व

- पति र पत्नी बीच आपसी प्रेम र सद्भाव हुनु पर्ने ।
- आपसी समझदारीबाट अन्यथा व्यवस्था भएकोमा बाहेक पति र पत्नी सँगै बसी पारिवारिक जीवन स्थापना गरी जीवनयापन गर्नु पर्ने ।
- पति र पत्नीले एक अर्कोलाई सहयोग, संरक्षण र सम्मान गर्नु पर्ने ।

### पतिको घर बासस्थान मानिने

- पति र पत्नीले आपसी समझदारीमा छुट्टै बासस्थान निर्धारण गरेकोमा बाहेक पत्नीको बासस्थान पतिको घरमा कायम भएको मानिनेछ ।

## एक अर्काको प्रतिनिधि मानिने

- कानूनमा अन्यथा व्यवस्था भएकोमा वा पति र पत्नी बीच कानूनी विवाद भएकोमा बाहेक सामान्य घर व्यवहारको काममा पति र पत्नी एक अर्काको प्रतिनिधि रहेको मानिनेछ ।

## इज्जत अनुसार व्यवहार गर्नु, गराउनु पर्ने

- पति वा पत्नीले एक अर्कालाई आफ्नो इज्जत र क्षमता अनुसार खान लगाउन तथा स्वास्थ्योपचारको व्यवस्था गर्नु वा गराउनु पर्नेछ ।

## सहमतिमा घर व्यवहार चलाउनु पर्ने

- एकासगोलका पति पत्नीले आफ्नो सम्पत्ति, आम्दानी तथा हैसियत अनरुप आपसी सहमतिको आधारमा घर व्यवहार चलाउनु पर्ने ।
- पति वा पत्नीले आफ्नो नाममा रहेको सम्पत्ति बिक्री वा अन्य तवरले हस्तान्तरण गर्दा कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक एक अर्कोको मञ्जुरी लिनु पर्नेछ ।

## पेशा, व्यवसाय वा काम गर्न रोक्न नहुने

- पति वा पत्नी वा परिवारका कुनै सदस्यले एक अर्कालाई निजको सीप, योग्यता वा क्षमता अनुसारको पेशा, व्यवसाय वा काम गर्न रोक्न हुदैन ।

### हदम्याद (उजुरी) सम्बन्धी व्यवस्था

- विवाहको परिणाम बमोजिम भए गरेको काम कारबाहीबाट मर्का पर्ने व्यक्तिले त्यस्तो काम कारवाही भए गरेको मितिले तीन महिनाभित्र नालिस गर्न सक्नेछ ।

## ६.३ सम्बन्ध विच्छेद सम्बन्धी व्यवस्था

### ५९. सम्बन्ध विच्छेद भनेको के हो ?

कानूनी रुपमा पति पत्नी विचको वैवाहिक सम्बन्ध अन्त्य गर्नूलाई सम्बन्ध विच्छेद भनिन्छ। पति पत्नी दुवैले चाहेमा जहिलेसुकै पनि पति पत्नीको सम्बन्ध विच्छेद गर्न सक्नेछन् ।

### ६०. कुन कुन अवस्थामा पतिले सम्बन्ध विच्छेद गर्न सक्दछ ?

- कानून बमोजिम अंश लिई वा मानो छुट्टिई पति पत्नी भिन्न बसेको अवस्थामा बाहेक पत्नीले पतिको मञ्जुरी नलिई लगातार तीन वर्ष वा सोभन्दा बढी समयदेखि अलग बसेमा,
- पत्नीले पतिलाई खान लगाउन नदिएमा वा घरबाट निकाला गरिदिएमा,

- पत्नीले पतिको अङ्ग भङ्ग हुने वा अरू कुनै ठूलो शारीरिक वा मानसिक कष्ट हुने किसिमको कुनै काम वा जाल प्रपञ्च गरेमा,
- पत्नीले अन्य पुरुषसँग यौन सम्बन्ध राखेको ठहरेमा ।

## ६१. कुन कुन अवस्थामा पत्नीले सम्बन्ध विच्छेद गर्न सक्दछ ?

- कानून बमोजिम अंश लिई वा मानो छुट्टिई पति पत्नी भिन्न बसेको अवस्थामा बाहेक पतिले पत्नीको मञ्जुरी नलिई लगातार तीन वर्ष वा सोभन्दा बढी समयदेखि अलग बसेमा,
- पतिले पत्नीलाई खान लगाउन नदिएमा वा घरबाट निकाला गरिदिएमा,
- पतिले पत्नीको अङ्ग भङ्ग हुने वा अरू कुनै ठूलो शारीरिक वा मानसिक कष्ट हुने किसिमको कुनै काम वा जाल प्रपञ्च गरेमा,
- पतिले अर्को विवाह गरेमा,
- पतिले अन्य महिलासँग यौन सम्बन्ध राखेको ठहरेमा,
- पतिले पत्नीलाई जबरजस्ती करणी गरेको ठहरेमा ।

## ६२. सम्बन्ध विच्छेद गर्न कहाँ निवदेन दिने ?

सम्बन्ध विच्छेद गर्न चाहने पति वा पत्नीले सम्बन्धित जिल्ला अदालतमा निवेदन दिनु पर्नेछ ।

## ६३. सम्बन्ध विच्छेद गरेमा महिलाको सम्पत्ति माथिको अधिकार के हुन्छ ?

- पतिको कारणबाट पति पत्नी बीच सम्बन्ध विच्छेद हुने अवस्थामा पत्नीले माग गरेमा सम्बन्धित अदालतले सम्बन्ध विच्छेद गर्नु अघि पति पत्नी बीच अंशबण्डा गर्न लगाउनु पर्नेछ ।
- सगोलको सम्पत्ति पति पत्नी दुवैको नाममा वा पति पत्नीमध्ये कुनै एकको नाममा रहेछ भने सम्बन्ध विच्छेद हुनु अघि निजहरू बीच कानून बमोजिम त्यस्तो सम्पत्तिको अंशबण्डा गर्नु पर्नेछ ।
- अदालतले पति पत्नी बीच सम्बन्ध विच्छेद गरी अंशबण्डा नभएसम्मको लागि पतिको सम्पत्ति र आयस्ताको आधारमा पतिबाट पत्नीलाई मासिक खर्च भराई दिन सक्नेछ ।
- सम्बन्ध विच्छेद हुने पत्नीले अंश नलिई पतिसँग एकमुष्ठ रकम वा वार्षिक वा मासिक रकम वा खर्च भराई लिन चाहेमा अदालतले पतिको सम्पत्ति वा आम्दानीको आधारमा पत्नीलाई एकमुष्ठ रकम दिलाई दिन वा वार्षिक वा मासिक रूपमा रकम वा खर्च भराई दिन सक्नेछ ।
- तर पत्नीले अर्को विवाह गरेमा त्यस्तो रकम वा खर्च दिनु पर्ने छैन

## ६४. कुन अवस्थामा पतिले पत्नीसँग सम्बन्ध विच्छेद गर्दा अंश दिनु पर्दैन ?

- पत्नीले पतिलाई खान लगाउन नदिएमा वा घरबाट निकाला गरिदिएमा,
- पत्नीले पतिको अङ्ग भङ्ग हुने वा अरू कुनै ठूलो शारीरिक वा मानसिक कष्ट हुने किसिमको कुनै काम वा जाल प्रपञ्च गरेमा,
- पत्नीले अन्य पुरुषसँग यौन सम्बन्ध राखेको ठहरेमा ।

## ६५. अंशबण्डा नहुदै महिलाले अर्को विवाह गरेमा के हुन्छ ?

अशंबण्डा नहुँदै महिलाले अर्को विवाह गरेमा अंश पाउने छैन ।

## ६६. कुन अवस्थामा पत्नीले पतिबाट खान लगाउन खर्च भराउन सक्दछिन् ?

- सम्पत्ति नभई पतिबाट अंश नपाएकी पत्नीले पतिबाट खान लाउन खर्च भराउन चाहेमा
- पतिको आम्दानी भएमा अदालतले पत्नीलाई सम्बन्ध विच्छेद भएको पतिको आम्दानीको आधारमा खान लगाउने खर्च भराई दिन सक्नेछ ।

### ६७. कुन अवस्थामा पत्नीले पतिबाट खान लगाउन खर्च भराउन सक्दैन ?

- पत्नीले अर्को विवाह गरेमा
- पतिको भन्दा पत्नीको आम्दानी बढी भएमा

### ६८. सम्बन्ध विच्छेद गरेकी महिलाको मृत्यु भएमा निजको सम्पत्ति माथि कसको हक लाग्दछ ?

- निजका छोरा, छोरी भए  छोरा, छोरीको
- छोरा, छोरी नभए पूर्व पतिबाट पाएको सम्पत्ति पूर्व पतिले
- अन्य सम्पत्ति माइतीपट्टिका हकवालाले पाउनेछ ।

### ६९. सम्बन्ध विच्छेदपछि नाबालक छोरा छोरी पाल्ने हक आमा वा बाबु मध्ये कस्को हुन्छ ?

- पाँच वर्ष उमेर पूरा नभएको नाबालक भए आमाले अर्को विवाह गरेको भए वा नभएपनि निजले चाहेमा आमाको जिम्मा,
- पाँच वर्षभन्दा माथिको नाबालक भए आमाले अर्को विवाह गरेकोमा बाहेक निजले चाहेमा निजको जिम्मा,
- अन्य अवस्थामा बाबुको जिम्मा ।
- नाबालक जिम्मा लिने सम्बन्धमा छुट्टै सहमति भएकोमा सोही बमोजिम हुनेछ ।

- दश वर्ष पूरा गरेको नाबालक भए निजले आमा, बाबुमध्ये जोसँग बस्न मञ्जुर गरेकोछ उसैको जिम्मामा रहने ।

## ६.४ आमा, बाबु तथा छोरा, छोरीको सम्बन्ध सम्बन्धी व्यवस्था

### छोरा, छोरीको जन्म दर्ता गर्नु पर्ने :-

- कुनै दम्पतिको कुनै छोरा, छोरी जन्मिएमा नेपाल सरकारले कानून बमोजीम तोकिदिएको अधिकारी समक्ष छोरा, छोरी जन्मिएको तीन महिनाभित्र जन्म दर्ताको लागि आमा वा बाबुले निवेदन दिनु पर्नेछ ।
- म्याद नाघेपछि कसैले छोरा वा छोरीको जन्म दर्ताको लागि निवेदन दिन चाहेमा प्रचलित कानूनमा तोकिदिए बमोजिमको रकम जरिबाना वापत तिर्नु पर्नेछ ।
- जन्म दर्ताको निवेदन पर्न आएमा सम्बन्धित अधिकारीले आफ्नो कार्यालयमा खडा गरिएको जन्म दर्ता किताबमा त्यसको विवरण उल्लेख गरी निवेदकलाई कानून बमोजिम तोकिएको ढाँचामा जन्म दर्ताको प्रमाणपत्र दिनु पर्नेछ ।
- जन्म दर्ता किताबमा विवरण उल्लेख गर्दा सम्बन्धित व्यक्तिको नाम, थर, जन्मिएको मिति (साल, महिना, गते र बार समेत) र ठाउँ, निजको आमा, बाबु तथा बाजे बजैको नाम, थर, ठेगाना समेत उल्लेख गर्नु पर्नेछ ।

## नाबालकको आवश्यक हेरचाह र स्याहार सम्भार सम्बन्धी व्यवस्था :-

- नाबालक सन्तानको हेरचाह र स्याहार सम्भार गर्दा आमा बाबुले आफ्नो आर्थिक हैसियत र क्षमता अनुसार पालनपोषण, स्वास्थ्योपचार, शिक्षा, दीक्षा, खेलकूद, मनोरञ्जन तथा अन्य आवश्यक व्यवस्था गर्नु पर्नेछ ।
- नाबालक जिम्मा लिने आमा वा बाबुको भन्दा जिम्मा नलिने आमा वा बाबुको आम्दानी बढी रहेछ भने त्यस्तो आमा वा बाबुले नाबालकको पालनपोषण, शिक्षा र उपचारका लागि आमा बाबु दुवैको सहमति भएकोमा सोही बमोजिम र सहमति हुन नसकेमा अदालतले तोके बमोजिमकको खर्च नाबालकलाई उपलब्ध गराउनु पर्नेछ ।

## ७०.पति पत्नीको वैवाहिक सम्बन्ध अन्त्य भएको वा भिन्न बसेको अवस्थामा नाबालक लाई आमा वा बाबुले भेटघाट गर्न पाउँछ वा पाउँदैन ?

- कानून बमोजिम वैवाहिक सम्बन्ध अन्त्य भएको वा आमा र बाबु भिन्न बसेको अवस्थामा नाबालक आमा वा बाबु जसको संरक्षण वा जिम्मामा रहेको भए पनि आमाको जिम्मा रहेको नावालकलाई बाबुसँग र बाबुको जिम्मामा रहेको आमासँग समय समयमा भेट गर्न वा

आमा बाबुको सहमतिमा केही अवधिको लागि साथमा रहन दिन सक्ने ।

- भेट गर्न वा साथमा रहदाको आवस्थामा नावालकको हित प्रतिकुल हुने कार्य आमा वा बुबाले गर्न पाइने छैन । गरेमा भेट गर्न वा साथमा रहन रोक लगाउने गरी सम्बन्धित जिल्ला अदालतले आदेश गर्न सक्ने ।

### ७१. छोरा छोरीको  बाबु आमा माथि कानूनी अधिकार के हुने ?

- पति पत्नी बीचको वैवाहिक सम्बन्ध अन्त्य भएता पनि निजहरूबाट जन्मिएका छोरा, छोरीको बाबु, आमा माथिको कानूनी अधिकार र निज प्रतिको बाबु, आमाको दायित्व कायमै रहनेछ ।
- कुनै व्यक्तिको बाबु आमा कानून बमोजिम पति पत्नी हुन नसक्ने भएपनि निजहरूबाट जन्मिएका छोरा, छोरीको बाबु, आमा माथिको कानूनी अधिकार र निज प्रतिको बाबु, आमाको दायित्व कायमै रहनेछ ।

## ६.५ अंशबण्डा सम्बन्धी व्यवस्था

### ७२. अंशियार भन्नाले कसलाई बुझाउँछ ?

सगोलको सम्पत्ति अंशबण्डा गर्दा पति, पत्नी, बाबु, आमा, छोरा, छोरी अंशियार मानिन्छ । प्रत्येक अंशियार अंशको समान हकदार हुनेछन् ।

## ७३. अंश वण्डा गर्दा  गर्भमा रहेको शिशुको कानूनी अधिकार के हुन्छ ?

- अंशबण्डा गर्दाका बखत कुनै महिला अंशियार गर्भवती भएमा र निजले जन्माउने शिशु अंशियार हुने भएमा त्यसरी जन्मने शिशुलाई समेत समान अंशियार मानी निजको अंश भाग छुट्याएर मात्र अंशबण्डा गर्नु पर्नेछ ।
- गर्भवती महिलाबाट जिउँदो शिशु नजन्मिएमा त्यस्तो शिशुको लागि छुट्याइएको अंश अन्य अंशियारले बराबरी पाउनेछन् ।

## ७४. बैबाहिक सम्बन्ध अन्त्य भएका दम्पतिबाट जन्मेका छोरा, छोरीले को बाट अंश पाउँछन् ?

कानून बमोजिम विवाह हुन नसक्ने, विवाह भएको नमानिने वा वैवाहिक सम्बन्ध अन्त्य भएका दम्पतिबाट जन्मिएका छोरा छोरीले त्यस्ता बाबु आमाबाट अंश पाउनेछन् ।

## ७५. बाबुको पहिचान नभएका छोरा छोरीले को बाट अंश पाउँछ ?

बाबुको पहिचान नभएका छोरा छोरीले आमाको सम्पत्तिबाट मात्र अंश पाउनेछन् । प्रकाश नगरी बाहिर राखेका पत्नीले वा निजबाट जन्मेका छोरा छोरीले पति वा बाबु मरेपछि अंशमा दाबी गन पाउने छैन ।

## ७६. पत्नी तथा सन्तानले को बाट अंश पाउने छ ?

- सगोलमा बसेका दाजु भाईका छोरा छोरी वा पत्नीले आफ्ना बाबु वा पतिको भागबाट मात्र अंश पाउनेछन् ।
- अंश नहुँदै पति वा बाबु आमा मरेमा निजले पाउने अंश निजका पत्नी वा छोरा, छोरीले पाउनेछन् ।
- कुनै व्यक्तिको एकभन्दा बढी पत्नीहरु भएमा निजहरुले पतिको भागबाट मात्र अंश पाउनेछन् ।
- कुनै व्यक्तिले पत्नी, छोरा छोरीसँग अंशबण्डा गरी भिन्न भएपछि वा त्यसरी भिन्न भएकोसँग आफ्नो अंश मिलाई सँगै बसेको अवस्थामा अर्को विवाह गरेमा वा त्यसरी विवाह गरेकी पत्नीबाट छोरा छोरी जन्मिएमा त्यस्ता पत्नी वा छोरा, छोरीले पति वा बाबुको अंश भागबाट मात्र अंश पाउनेछन् ।
- पत्नी जीवित हुने कुनै व्यक्तिले अंश नहुँदै अर्को विवाह गरेमा अन्य अंशियारको अंश भाग छुट्याई आफुले पाउने अंश भागबाट त्यसरी विवाह गर्ने महिलालाई अंश दिनु पर्नेछ ।

## ७७. कुन अवस्थामा अंशियारले आफ्नो अंश लिई भिन्न हुन सक्छ ?

सगोलको सम्पत्ति भएका पति, पत्नी, बाबु, आमा, छोरा, छोरीले पत्नी, पति, छोरा, छोरी, बाबु र आमालाई आफ्नो इज्जत आमद अनुसार खान लाउन दिन र आर्थिक

हैसियत अनुसार शिक्षा र स्वास्थ्य उपचारको व्यवस्था गर्नु पर्ने दायित्व भएका व्यक्तिले सो दायित्व पूरा नगरेमा अंशियारले आफ्नो अंश लिई भिन्न हुन सक्नेछ। अंशियारहरु बीच आपसी सहमति भए जहिलेसुकै पनि अंश लिई भिन्न हुन सक्छन्।

## ७८. कुन अवस्थामा पति वा पत्नीले अंश लिई भिन्न हुन सक्छ ?

- पति वा पत्नीले पत्नी वा पतिलाई घरबाट निकाला गरिदिएमा,
- पति वा पत्नीले पत्नी वा पतिलाई शारीरिक वा मानसिक यातना दिएमा
- पति वा पत्नीले आफनो दायित्व पुरा नगरेमा

## ७९. कुन अवस्थामा विधवाले अंश लिई भिन्न हुन सक्छ ?

विधवाले जहिलेसुकै आफ्नो अंश लिई भिन्न हुन सक्नेछ। विधवाले अर्को विवाह गरेमा निजले अंश बापत पाएको सम्पत्ति त्यस्ती विधवाको अघिल्लो पति तर्फ छोरा छोरी भएमा त्यस्ता छोरा छोरीले र नभएमा निज आफैले लिन पाउनेछ।

## ८०. अंश सम्बन्धी विवादमा कहाँ उजुरी गर्ने ?

अंश सम्बन्धी विवाद भएमा सम्बन्धित जिल्ला अदालतमा सम्बन्धित व्यक्तिले उजुरी दिन सकिन्छ ।

### हदम्याद (उजुरी गर्ने समय) :-

**अंशबण्डाको काम कारबाहीबाट मर्का पर्ने व्यक्तिले देहाय बमोजिम नालिश गर्न सक्नेछ :**

- अंशबण्डा नै नभएको वा अंशबण्डा हुँदा गोश्वाराको लिखत भएको र लिखत नभए पनि हिसाब गरी दुवै पक्षले भोग गरेकोमा जहिलेसुकै,
- अंशबण्डामा चित्त नबुझेमा त्यस्तो बण्डा भएको मितिले तीन महिनाभित्र,
- सम्पत्ति लुकाए वा छिपाएको सम्बन्धमा अंशियारको जीवनकाल रहेसम्म,
- माथि उल्लेखित बाहेक अन्य अवस्थामा त्यस्तो काम कारबाही भए गरेको मितिले छ महिनाभित्र

# ७. मुलुकी अपराध संहिता, २०७४

मुलुकी अपराध संहिता, २०७४ नेपाल राज्यभर २०७५ साल भदौ १ गतेबाट लागु भएको छ । यस संहितामा भएका महिला तथा बालबालिका विरुद्ध हुने कसूर सम्बन्धी व्यवस्थाहरुलाई संक्षिप्त रुपमा यस पुस्तिकामा उल्लेख गरिएको छ ।

## ७.१ विवाह सम्बन्धी कसूरमा भएका व्यवस्थाहरु

### ८१. विवाह सम्बन्धी कसूरमा के कस्तो सजायको व्यवस्था गरिएको छ ?

- मञ्जुरी विना कसैले कसैलाई विवाह गरे वा गराएमा कसूर गर्ने व्यक्तिलाई २ वर्षसम्म कैद र २० हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।

- हाडनाताको सम्बन्धमा विवाह जानीजानी भएको रहेछ भने विवाह गर्नेलाई हाडनाता करणीको कसूरमा हुने सजाय र गराउनेलाई ३ महिनासम्म कैद वा ३ हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ र त्यस्तो विवाह स्वतः वदर हनेछ ।
- उमेर नपुगी विवाह गरीएको वा गराएको कसूर गर्ने व्यक्तिलाई ३ वर्षसम्म कैद र ३० हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।
- आफ्नो परम्परादेखि चली आएको सामान्य उपहार, भेटी, दक्षिणा वा शरीरमा लगाएको एकसरो गहना बाहेक विवाह गर्ने दुलहा वा दुलहीका तर्फबाट कुनै किसिमको चल, अचल, दाइजो विवाहमा लेनदेन गरी विवाह गरेको वा गराएको रहेछ भने त्यस्तो कसूर गर्ने व्यक्तिलाई ३ वर्षसम्म कैद वा ३० हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।
- कसैले विवाह गरी सकेपछि चल, अचल सम्पत्ति वा दाइजो माग गर्न वा त्यस्तो चल, अचल सम्पत्ति वा दाइजो नदिएको कारणले दुलही वा निजका नातेदारलाई कुनै किसिमले हैरान पार्न, सताउन वा कुनै अमानवीय वा अपमानजन्य व्यवहार गरेमा ५ वर्षसम्म कैद वा ५० हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।

## ८२.बहुविवाह भन्नाले के लाई जनाउँछ ?

विवाहित पुरुषले वैवाहिक सम्बन्ध कायम रहेको अवस्थामा अर्को विवाह गर्नु बहु विवाह हो। कुनै पुरुष विवाहित हो भन्ने जानीजानी त्यस्तो पुरुषसँग महिलाले विवाह गर्नु हुदैन।

## ८३. बहुविवाह गरेमा के कस्तो सजायको व्यवस्था गरिएको छ ?

बहुविवाहको कसूर गर्ने वा गराउने व्यक्तिलाई १ वर्षदेखि ५ वर्ष सम्म कैद र १० हजार रुपैयाँदेखि ५० हजार रुपैयाँसम्म जरिवाना हुनेछ। बहुविवाह स्वतः बदर हुनेछ। २०७५ साल भदौ १ गते भन्दा अगाडी भएको बहुविवाह को हकमा असर पारेको मानिने छैन।

## ८४. विवाह सम्बन्धी कसूर भएमा कस्ले र कहिले सम्म उजुरी दिन सकिन्छ?

विवाह सम्बन्धी कसूरमा पीडित आफैं वा थाहा पाउने व्यक्तिले कसूर भए गरेको कुरा थाहा पाएको मितिले ३ महिना भित्रमा नजिकको प्रहरी कार्यालयमा उजुरी दिनु पर्दछ।

## ८५. कुन अवस्थामा पुरुष वा महिलाले पुनः विवाह गर्न सकिन्छ ?

- पति पत्नीले कानून बमाजिम अंश लिई भिन्न बसेको अवस्थामा,
- कानून बमोजिम वैवाहिक सम्बन्ध अन्त्य भैसकेको अवस्थामा।

## ८६. विवाह सम्बन्धी कसूर अन्तर्गत कुन कुन कसूर पर्दछ ?

- मञ्जुरी विना गरे वा गराएको विवाह
- हाडनातामा गरे वा गराएको विवाह
- बाल विवाह
- लेनदेन गरी वा शर्त राखी गरे वा गराएको विवाह
- बहुविवाह गरे वा गराएमा

## ७.२. करणी सम्बन्धी कसूर

## ८७. के कस्तो कार्य गरेमा करणी (बलात्कार) भएको मानिन्छ ?

कसैले कुनै महिलालाई देहायको कार्य गरेमा करणी (बलात्कार) भएको मानिन्छ ।

- महिलालाई निजको मञ्जुरी नलिई करणी गरेमा
- मञ्जुरी लिएर भए पनि अठार वर्षभन्दा कम उमेरको कुनै बालिकालाई (यौन सम्पर्क) करणी गरेमा
- गुदद्वार वा मुखमा लिङ्ग पसाएमा,
- गुदद्वार, मुख वा योनीमा लिङ्ग केही मात्र पसेको भएमा,
- लिङ्ग बाहेक अन्य कुनै वस्तु योनीमा प्रवेश गराएमा पनि जवर्जस्ती करणी गरेको मानिनेछ ।

## ८८. कुन अवस्थामा लिएको मञ्जुरीलाई मञ्जुरी मानिदैन ?

- करकाप, अनुचित प्रभाव, डर, त्रास, झुक्यानमा पारी वा अपहरण गरी वा शरीर बन्धक लिई लिएको मञ्जुरी,

- होस ठेगानमा नरहेको अवस्थामा लिएको मञ्जुरी,
- उमेर नपुगेको बालिकासँग लिएको मञ्जुरी ।

## ८९. करणी कसूरमा के कति सजायको व्यवस्था गरिएको छ ?

- दश वर्षभन्दा कम उमेरकी बालिका, पूर्ण अशक्त, अपाङ्गता भएका वा सत्तरी वर्षभन्दा बढी उमेरका महिला भए जन्म कैद,
- दश वर्ष वा दश वर्षभन्दा बढी चौध वर्ष भन्दा कम उमेरकी बालिका भए १८ वर्षदेखि २० वर्षसम्म कैद,
- चौध वर्ष वा चौध वर्षभन्दा बढी सोह्र वर्षभन्दा कम उमेरकी बालिका भए १२ वर्षदेखि १४ वर्षसम्म कैद
- सोह्र वर्ष वा सोह्र वर्षभन्दा बढी अठार वर्षभन्दा कम उमेरकी महिला भए १० वर्षदेखि १२ वर्षसम्म कैद
- अठार वर्ष वा अठार वर्षभन्दा बढी उमेरकी महिला भए ७ वर्षदेखि १० वर्षसम्म कैद
- बैवाहिक सम्बन्ध कायम रहेको अवस्थामा पतिले पत्नीलाई जबरजस्ती करणी गरेमा ५ वर्षसम्म कैद ।
- मानवरोग प्रतिरोधक क्षमता उन्मक्ति गर्ने जिवाणु (एच.आई.भी) भएको थाहा पाउँदा पाउँदै जवर्जस्ती करणी गरेमा करणी कसूरमा हुने सजायमा थप १० वर्ष सम्म कैद र १ लाख रुपैया जरिवना

- अन्य सरुवा यौनरोग (सेक्सुअली ट्रान्समिटेड डिजिज) भएको थाहा पाउँदा पाउँदै जवर्जस्ती करणी गरेमा करणी कसूरमा हुने सजायमा थप ३ वर्षसम्म कैद र ३० हजार रुपैयाँसम्म जरिबाना ।
- सामूहिक रुपमा जवर्जस्ती करणी गरेमा वा छ महिनाभन्दा बढीको गर्भवती, अशक्त वा अपाङ्ग वा शारीरिक वा मानसिक रुपमा अस्वस्थ महिलालाई वा हातहतियार देखाई जवर्जस्ती करणी गरेमा करणी कसूरमा हुने सजायमा थप ५ वर्षसम्म कैद सजाय हुनेछ । तर पूर्ण अशक्त अपाङ्गता भएकी महिला भएमा जन्म कैदको सजाय हुनेछ ।
- हाडनाताकी महिलालाई जवर्जस्ती करणी गरेमा करणी कसूरमा हुने सजायमा हाँगो नाता र पुस्ता विचार गरी थप १ वर्षदेखि जन्मकैद सम्म सजाय र १० हजार देखि १ लाख रुपैया सम्म जरिबाना ।
- कैद वा थुनामा रहेको कुनै व्यक्तिसँग सरकारी कर्मचारीले करणी गर्न वा करणी गर्न अरु कसैलाई संयोग पारी मिलाई दिएमा करणी गर्ने वा गराउने व्यक्तिलाई जबरजस्ती करणीमा हुने कैद सजाय वा अन्य कानून अनुसार पनि कसूर हुने रहेछ भने सो बमोजिमको सजायमा थप ३ वर्षसम्म कैद सजाय हुनेछ ।

- आफ्नो संरक्षण वा सुरक्षामा रहेको व्यक्तिसँग वा आफ्नो हेरविचारमा रहेको कुनै व्यक्तिसँग करणी गर्न वा करणी गर्न अरुलाई सहयोग गरेमा कसूर गर्ने व्यक्तिलाई जबर जस्ती करणीमा हुने कैद सजाय वा अन्य कानून अनुसार पनि कसूर हुने रहेछ भने सो बमोजिमको सजायमा थप ३ वर्षसम्म कैद सजाय हुनेछ ।
- सरकारी वा निजी कार्यालयमा कार्यरत वा कुनै पेशागत सेवा वा व्यवसायिक कामको लागि सम्पर्कमा आएको वा रहेको कुनै कर्मचारी वा सेवा उपलब्ध गराउने व्यक्तिले कार्यालयको काम गर्दा वा सेवा उपलब्ध गराउँदा वा गराउने स्थानमा करणी गर्न वा करणी गर्न अरुलाई सहयोग गरेमा कसूर गर्ने व्यक्तिलाई जबरजस्ती करणीमा हुने कैद सजाय वा अन्य कानून अनुसार पनि कसूर हुने रहेछ भने सो बमोजिमको सजायमा थप ४ वर्षसम्म कैद र ४० हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।

## ९०.वैवाहिक बत्लाकार भन्नाले के बुझिन्छ र वैवाहिक बलत्कार गर्ने व्यक्तिलाई कस्तो सजाय हुन्छ ?

पतिले पत्नीको इच्छा बेगर जबरजस्ती यौन सम्पर्क राखेमा बैवाहिक बलात्कार मानिन्छ ।

बैवाहिक सम्बन्ध कायम रहेको अवस्थामा पतिले पत्नीलाई जबर्जस्ती करणी गरेमा ५ वर्षसम्म कैद सजाय हुनेछ ।

## ९१. वैवाहिक बलत्कारमा अदालतले पतिको नाममा के कस्तो आदेश जारी गर्न सक्दछ ?

- पत्नीलाई निज बसी आएको घरमा नै बसोबास गर्न दिन, पत्नीलाई खान लाउन दिन, कुटपिट नगर्न तथा शिष्ट र सभ्य व्यवहार गर्न लगाउन,
- पत्नीलाई आवश्यक उपचार गराउन वा उपचारका लागि उपयुक्त रकम दिन लगाउन,
- दुवैलाई एकै ठाउँमा बसोबास गर्न उपयुक्त हुने नदेखिएमा पतिलाई अलग बस्ने व्यवस्था गर्न तथा त्यसरी अलग बस्दा पत्नीको भरणपोषणको लागि आवश्यक व्यवस्था गर्न लगाउन,
- पत्नीलाई कुनै प्रकारले दुःख दिने वा सताउने कार्य नगर्न र पत्नीको हित र सुरक्षाको निमित्त आवश्यक र उपयुक्त कुरा गर्न गराउन ।

## ९२.कुन अवस्थामा वैवाहिक सम्बन्ध कायम रहेको मानिदैन ?

- पतिसँग मानो छुट्टिई अंश मुद्दा चलेको अवस्थामा,
- पतिसँग अंश लिई छुट्टै बसेको अवस्थामा,
- पतिसँग सम्बन्ध विच्छेद मुद्दा चलेको अवस्थामा ।

## ९३. के कस्तो कार्य गरेमा यौन दुर्व्यवहार गरेको मानिन्छ ?

- आफ्नो पति वा पत्नी बाहेक अन्य व्यक्तिलाई मञ्जुरी विना करणीका आशयले समातेमा,
- निजको संवेदनशील अङ्ग छोएमा,छुन प्रयास गरेमा,
- भित्री पोशाक खोलेमा वा खोल्ने प्रयास गरेमा वा भित्री पोशाक लगाउन वा फुकाल्न कुनै किसिमले बाधा अवरोध गरेमा,
- अस्वाभाविक रुपमा कुनै एकान्त ठाउँमा लगेमा,
- यौन सम्बन्धी आफ्नो अङ्ग छुन, समाउन लगाएमा,
- अश्लिल वा अन्य त्यस्तै प्रकारको शब्द मौखिक, लिखित वा साङ्केतिक रुपमा वा विद्युतीय माध्यमबाट प्रयोग गरेमा, अश्लिल चित्र वा तस्वीर देखाएमा,
- यौनका आशयले जिस्क्याएमा, वा हैरानी दिएमा,
- अस्वाभाविक, अवाञ्छित वा अमर्यादित व्यवहार गरेमा ।

## ९४. यौन दुर्व्यवहार कसूरमा के कति सजायको व्यवस्था गरिएको छ ?

यौन दुर्व्यवहार कसूरमा ३ वर्षसम्म कैद र ३० हजार रुपैयाँसम्म जरिबाना हुनेछ । कसूरबाट पीडित व्यक्तिलाई कसूरदारबाट मनासिब क्षतिपूर्ति भराई दिनुपर्नेछ ।

## ९५. के कस्तो कार्य गरेमा बालयौन दुरुपयोग गरेको मानिन्छ ?

- करणीका आशयले बालबालिकालाई अस्वाभाविक रुपमा एकान्तमा लगेमा,
- यौन सम्बन्धी अङ्ग छोएमा वा समातेमा,
- यौन सम्बन्धी आफनो अंग अङ्ग छुन वा समाउन लगाएमा,
- अन्य कुनै किसिमको यौनजन्य अस्वाभाविक व्यवहार गरेमा ।

## ९६. बालयौन दुरुपयोग कसूरमा के कति सजायको व्यवस्था गरिएको छ ?

कसूर गर्ने व्यक्तिलाई ३ वर्षसम्म कैद र ३० हजार रुपैयाँसम्म जरिबाना हुनेछ । कसूरबाट पीडित व्यक्तिलाई कसूरदारबाट मनासिब क्षतिपूर्ति भराई दिनुपर्नेछ ।

## ९७. अप्राकृतिक मैथुन कसूरमा के कति सजायको व्यवस्था गरिएको छ ?

- कसैले कसैको मञ्जुरी विना अप्राकृतिक मैथुन गर्नु वा गराउनु हुँदैन । बालबालिकाले दिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन । यो कसूर गर्ने व्यक्तिलाई तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।

- बालबालिका विरुद्ध यो कसूर गर्ने व्यक्तिलाई जबर्जस्ती करणी कसूरमा हुने कैद सजाय हुनेछ ।

## ९८. जबरजस्ती करणी मुद्दामा कसले, कहिले र कहाँ उजुरी गर्ने ?

- जबरजस्ती करणी (बलात्कार) मुद्दामा पीडित आफैले वा घटना थाहा पाउने व्यक्तिले घटना हुनासाथै वा भएको थाहा पाउनासाथ तुरुन्तै नजिकैको प्रहरी कार्यालयमा लिखित वा मौखिक रुपमा उजुरी दिन सक्नेछ ।

## हदम्याद (उजुर) सम्बन्धी व्यवस्था :

- हाडनाता करणी कसूरमा जहिले सुकै पनि उजुर गर्न सकिन्छ ।
- जबरजस्ती करणी कसूरमा कसूर भएको मितिले एक वर्षभित्र उजुर गर्नुपर्छ ।
- तर थुनामा रहेको वा नियन्त्रणमा लिएको वा अपहरण गरेको वा शरीर बन्धक लिएको व्यक्ति विरुद्ध कसूर भएकोमा थुना, नियन्त्रण अपहरण वा शरीर बन्धकबाट मुक्ति पाएको मितिले तीन महिना नाघेपछि उजुर लाग्ने छैन ।

## क्षतिपूर्ति सम्बन्धी व्यवस्था :

पीडित व्यक्तिलाई कसूरदारबाट मनासिब क्षतिपूर्ति भराई दिनु पर्नेछ। तर कसूरदारको कुनै सम्पत्ति नभई जबरजस्ती करणीको कसूरबाट पीडितले क्षतिपूर्ति नपाउने देखिएमा र पीडित राहतकोष स्थापना भई नसकेको अवस्थामा अदालतले नेपाल सरकारको महिला तथा बालबालिका विषय हेर्ने निकायको नाममा क्षतिपूर्ति स्वरुप उचित रकम पीडितलाई भराईदिने गरी आदेश गर्न सक्नेछ र त्यसरी आदेश भएमा सो कार्यालयबाट क्षतिपूर्ति बापतको रकम तत्काल पीडितलाई उपलब्ध गराउनु पर्नेछ।

## जवर्जस्ती करणी (बलात्कार) भएमा ध्यान दिनु पर्ने कुराहरु :

- बलात्कार हुँदा लगाएको लुगा, कट्टु र यौन अंग नधुने, धोएमा प्रमाणहरु नष्ट हुन्छन्। उक्त कपडाहरु खा ले र नधोइकन काजगको पेपरमा वेरेर सुरक्षित राख्ने।
- तुरुन्तै नजिकको प्रहरी चौकी गएर लिखित वा मौखिक जाहेरी दरखास्त दिने।
- प्रहरीलाई लिएर तुरुन्तै डाक्टरी परीक्षणका निम्ति अस्पताल जाने, जवर्जस्ती करणी हुँदा लगाएका कपडा र घाउचोट भए सो समेत जाँच गराउने।
- बलात्कारमा डाक्टरी रिपोर्ट महत्वपूर्ण हुन्छ।

### ७.३ गर्भ संरक्षण बिरुद्धको कसूर

## ९९. कुन कुन अवस्थामा गर्भपतन गराउन कानूनले छुट दिएको छ ?

- गर्भवती महिलाको मञ्जुरीले बाह्र हप्तासम्मको गर्भपतन गराएकोमा,
- गर्भपतन नगराएमा गर्भवती महिलाको ज्यानमा खतरा पुग्न सक्छ वा निजको शारीरिक वा मानसिक स्वास्थ्य खराब हुन सक्छ वा विकलाङ्ग बच्चा जन्मन्छ भनी इजाजत प्राप्त चिकित्सकको राय भई गर्भवती महिलाको मञ्जुरीले गर्भपतन गराएकोमा,
- जवर्जस्ती करणी वा हाडनाता करणीबाट रहन गएको अठार हप्तासम्मको गर्भ गर्भवती महिलाको मञ्जुरीले गर्भपतन गराएकोमा,
- रोग प्रतिरोधक क्षमता उन्मुक्ति गर्ने जिवाणु (एच.आई.भी.) वा त्यस्तै प्रकृतिको अन्य निको नहुने रोग शरीरमा भएकी महिलाको मञ्जुरीले गर्भपतन गराएकोमा ।

## १००. गर्भपतन गरे वा गराएमा के कस्तो सजायको व्यवस्था छ ?

कानूनले तोकिएको अवस्थामा बाहेक गर्भपतनको कसूर गर्ने र गराउने व्यक्तिलाई देहाय बमोजिमको सजायको व्यवस्था गरिएकोछ :

- बाह्र हप्तासम्मको गर्भ भए १ वर्षसम्म कैद र १० हजार रुपैयाँसम्म जरिबाना,
- बाह्र हप्ताभन्दा बढी पच्चीस हप्तासम्मको गर्भ भए ३ वर्षसम्म कैद र ३० हजार रुपैयाँसम्म जरिबाना,
- पच्चीस हप्ताभन्दा बढीको गर्भ भए ५ वर्षसम्म कैद र ५० हजार रुपैयाँसम्म जरिबाना ।
- कुनै गर्भवती महिलाको ज्यान लिने उद्योग गर्दा महिला नमरी निजको गर्भमा रहेको पच्चीस हप्ता वा पच्चीस हप्ताभन्दा बढी अवधिको गर्भ पतन हुन गएमा सो काम गर्ने कसूरदारलाई हुने सजायमा थप ५ वर्षसम्म कैद हुनेछ ।

## १०१. गर्भपतन गराउने नियत नभई गर्भवती महिला बिरुद्ध कुनै रिसइवीले कुनै काम गर्दा गर्भपतन हुन गएमा के कस्तो सजाय हुन्छ ?

- बाह्र हप्तासम्मको गर्भ भए १ वर्षसम्म कैद,
- बाह्र हप्ताभन्दा बढी पच्चीस हप्तासम्मको गर्भ भए ३ वर्षसम्म कैद,

- पच्चीस हप्ताभन्दा बढीको गर्भ भए ५ वर्षसम्म कैद ।

## १०२. गर्भपतन गराउने उद्देश्यले गर्भमा रहेको भ्रुणको लिङ्ग पहिचान गर्ने वा गराउनेलाई के सजाय हुन्छ ?

गर्भपतन गराउने उद्देश्यले गर्भमा रहेको भ्रुणको लिङ्ग पहिचान गर्ने वा गराउनेलाई तीन महिनादेखि छ महिनासम्म कैद सजाय हुन्छ ।

## १०३. लिङ्ग पहिचान गरी गर्भपतन गर्ने वा गराउनेलाई के कति सजाय हुन्छ ?

- बाह्र हप्तासम्मको गर्भ भए २ वर्षसम्म कैद र १० हजार रुपैयाँसम्म जरिबाना,
- बाह्र हप्ताभन्दा बढी पच्चीस हप्तासम्मको गर्भ भए ४ वर्षसम्म कैद र ३० हजार रुपैयाँसम्म जरिबाना,
- पच्चीस हप्ताभन्दा बढीको गर्भ भए छ वर्षसम्म कैद र ५० हजार रुपैयाँसम्म जरिबाना ।

## १०४. गर्भ संरक्षण विरुद्धको कसूर भएमा कसले कहाँ उजुरी गर्न सक्दछ ?

कसूर भएको कुरा थाहा पाएको मितिले छ महिना भित्र पीडित पक्ष वा थाहा पाउने व्यक्तिले नजिकको प्रहरी कार्यालयमा उजुरी दिनुपर्दछ ।

## ७.४ कुटपिट वा अङ्गभङ्ग सम्बन्धी कसूर

### १०५. के भए कुटपिट भएको मानिन्छ ?

- कुनै किसिमको शारीरिक पीडा पुऱ्याएमा,
- सङ्क्रामक रोग र HIV बाहेकको अन्य कुनै रोग सारेमा ।
- अन्य कुनै कार्य गरी अशक्त बनाएमा ।

### १०६. अशक्त भन्नाले के बुझिन्छ ?

- शरीरको कुनै अङ्ग सामान्य रुपमा काम गर्न नसक्ने गरी अशक्त भएको अवस्था
- सो शब्दले मानसिक अशक्ततालाई समेत जनाउँछ ।

### १०७. कुटपिटको कसूरमा के कति सजायको व्यवस्था गरिएको छ ?

कसूर गर्ने वा गराउने व्यक्तिलाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।

### १०८. अंगभंगको कसूर भन्नाले के बुझिन्छ ?

कसैले कसैलाई जानीजानी कुटपिट गर्दा देहाय बमोजिमको परिणाम भएमा अङ्गभङ्गको कसूर गरेको मानिनेछ :

- आँखाको हेर्ने शक्ति हीन गरी वा आँखा फोरी दृष्टिविहीन बनाइदिएमा,
- नाकको सुँघ्ने शक्ति नाश गरिदिएमा,

- कानको सुन्ने शक्ति नाश गरिदिएमा,
- जिब्रोको बोल्ने शक्ति नाश गरिदिएमा,
- महिलाको स्तन काटिदिएमा,
- महिलालाई बाँझोपन वा पुरुषलाई पुरुषत्वहीन बनाएमा,
- मेरुदण्ड, डँडाल्नु, हात खुट्टा वा त्यस्ता अङ्गको जोर्नी भाँची, फोरी, फुकाली बेकम्मा पारिदिएमा
- कुटपिटको कारणबाट आफ्नो पेशाको काम गर्न नसक्ने गरी असक्षम बनाइदिएमा
- कुटपिटबाट तत्काल अङ्गभङ्ग नभए तापनि सोही कामको परिणाम स्वरुप अंगभंगको कसूर बमोजिमको परिणाम निस्केमा पनि अङ्गभङ्ग भएको मानिनेछ ।

## १०९. अंगभंगको कसूरमा के कति सजायको व्यवस्था गरिएको छ ?

- अंगभंगको कसूर गर्ने व्यक्तिलाई १० वर्षसम्म कैद र १ लाख रुपैयाँसम्म जरिबाना हुनेछ ।
- एउटै किसिमको काम दिने एउटा भन्दा बढी अंग हुनेमा एउटा अंग मात्र बेकम्मा पारिदिएमा अंगभंग कसूरमा हुने सजायको आधा सजाय हुनेछ ।
- अंगभंग भएको खत निको भई काम लाग्ने भएमा ३ वर्षसम्म कैद र ३० हजार रुपैयाँ सम्म जरिवाना हुनेछ ।

## ११०. अंगभंगको कसूर भएमा कसले, कहिले र कहाँ उजुरी गर्ने ?

यस्तो कसूरमा पीडित वा थाहा पाउने व्यक्तिले कसूर भएको मितिले १ वर्ष भित्र नजिकको प्रहरी कार्यालयमा उजुरी गर्नु पर्छ ।

## १११. तेजाब भन्नाले के लाई जनाउँछ ?

फौजदारी कसूर तथा फौजदारी कार्यविधि सम्बन्धी केही ऐन संशोधन गर्ने अध्यायदेश, २०७७ मा तेजाबको परिभाषा गरेको छ । सो अध्यायदेश बमोजिम तेजाब भन्नाले मानब अङ्ग, जीवजन्तु वा अन्य जैविक वा गैरजैविक वस्तुलाई जलाउने (बर्न), घातक क्षति पुर्‍याउने (कोरोसिभ) वा अन्य कुनै किसिमले गम्भीर असर पुर्‍याउने अकारबोनिक (इनअर्गानिक) एसिडजन्य रासायनिक पदार्थ सम्झनु पर्छ र सो शब्दले नाइट्रिक एसिड, सल्फरिक एसिड र हाइड्रोक्लोरिक एसिड तथा अन्य घातक तथा ज्वलनशील रासायनिक पदार्थलाई समेत जनाउँछ ।

## ११२. कसैले कसैलाई तेजाब प्रयोग गरी अङ्गभङ्ग वा शारीरिक क्षति पुर्‍याएमा के कति सजाय हुन्छ ?

कसैले कसैलाई तेजाब फ्याँकी, छर्किई, खन्याई वा प्रयोग गरी वा सेवन गराई त्यस्तो कार्यको परिणाम स्वरुप कसैको अङ्गभङ्ग गर्नु वा गराएमा वा शारीरिक क्षति पुर्‍याएमा

देहाय बमोजिमको सजाय हुनेछ :

- दुवै आँखा जली वा क्षति भई पूर्णरुपमा दृष्टि नष्ट भएमा, दुवै कान जली वा क्षति भई सुन्ने शक्ति पूर्ण रुपमा नष्ट भएमा , नाक जली वा क्षति भई काम नलाग्ने भएमा, अनुहार पूर्ण रुपमा जली वा क्षति भई कुरुप भएमा, महिला भए दुवै स्तन जली वा क्षति भई काम नलाग्ने भएमा वा कसैको यौनाङ्ग जली वा क्षति भई नासिएमा त्यस्तो कसूर गर्ने वा गराउने व्यक्तिलाई बीस वर्ष कैद र दश लाख रुपैयाँ जरिवाना हुनेछ ।
- एउटा आँखा, एउटा कान जली वा क्षति भई काम नलाग्ने भएमा, आंशिक रुपमा अनुहार जली वा क्षति भई कुरुप भएमा, महिला भए एउटा स्तन जली वा क्षति भई काम नलाग्ने भएमा, दुवै हात जली काम नलाग्ने भएमा वा दुवै गोडा पूर्णरुपमा जली काम नलाग्ने भएमा, टाउकोको कुनै भाग जली क्षति भएमा वा मेरुदण्ड जली वा क्षति भई काम नलाग्ने भएमा पन्ध्र वर्ष देखि बीस वर्षसम्म कैद र सात लाख रुपैया देखि दश लाख रुपैयाँसम्म जरिबाना हुनेछ ।
- माथि उल्लेखीत बाहेक शरीरको अन्य कुनै अङ्गभङ्ग वा शारीरिक क्षति भएमा कसूरको प्रकृति बमोजिम सात वर्षदेखि दश वर्षसम्म कैद र पाँच लाख रुपैयाँ देखि सात लाख रुपैयाँसम्म जरिबाना हुनेछ ।

- पीडित व्यक्तिको तत्काल मृत्यु नभई सोही कार्यको परिणाम स्वरुप त्यस्तो कसूर भएको मितिले एक वर्षभित्र मृत्यु भएमा ज्यान मारेको कसूर र अङ्गभङ्ग वा शारीरिक क्षतिको परिणाम निस्केमा पनि सोही बमोजिमको कसूर भएको मानिनेछ ।

## ११३. के कस्तो कार्य गरेमा तेजाब सम्बन्धी कसूरको उद्योग गरेको मानिनेछ ?

कसैले कसैलाई तेजाब फ्याँकी, छर्किई, खन्याई वा प्रयोग गरी वा सेवन गराई अङ्गभङ्ग गर्नु वा गराउन वा शारीरिक क्षति पुर्‍याउन खोज्दा सम्बन्धित व्यक्तिलाई नलागेमा वा कोही त्यसबाट छलिएमा वा उम्किएमा त्यस्तो कार्य गर्न खोज्ने व्यक्तिले कसूर गर्न उद्योग गरेको मानिनेछ ।

## ११४. उद्योगमा के कति सजायको व्यवस्था गरेको छ ?

पाँच वर्षदेखि सात वर्षसम्म कैद र एक लाख रुपैयाँ देखि तिन लाख रुपैयाँसम्म जरिवाना हुनेछ ।

## ११५. पीडितलाई के कस्तो क्षतिपूर्तिको व्यवस्था गरेको छ ?

- जरिवाना बापत प्राप्त पुरै रकम पीडितलाई क्षतिपूर्ति वापत दिनु पर्नेछ ।

- कसूरबाट पीडित व्यक्तिलाई भएको शारीरिक र मानसिक पीडा र अङ्गभङ्गको गम्भीरता तथा जरिवाना रकम समेत विचार गरी सजाय निर्धारण गर्दा मनासिब क्षतिपूर्ति भराउनु पर्नेछ ।

### ११६. कसैले तेजाब वा अन्य रासायनिक, जैविक वा विषालु पदार्थ प्रयोग गरी कुरुप पार्ने कसूर गरेमा कसले, कहिले र कहाँ उजुरी गर्न सक्दछ ?

यस्तो कसूरमा पीडित वा थाहा पाउने व्यक्तिले कसूर भएको मितिले १ वर्ष भित्र नजिकको प्रहरी कार्यालयमा उजुरी गर्न सक्दछ ।

### ११७. कसैले कसूर गर्ने नियतले कसैलाई बेहोस पारेमा के कति सजायको व्यवस्था गरिएको छ ?

- उल्लेखित कसूर गर्ने वा गराउने व्यक्तिलाई १वर्षसम्म कैद र १० हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।
- कसैलाई बेहोस पारी कसूर भइसकेको रहेछ भने त्यस्तो कसूर बापत हुने सजायमा यस कसूर बमोजिमको सजाय थप हुनेछ ।

**हदम्याद :** कसैलाई बेहोस बनाई गरेको कसूरमा व्यक्तिको होस आएको मितिले छ महिना नाघेपछि उजुर लाग्ने छैन ।

**क्षतिपूर्तिः** कसैलाई बेहोस बनाई गरेको कसूरबाट कसैको जीउ वा ज्यानमा चोटपटक वा हानि, नोक्सानी भएको रहेछ भने कसूरदारबाट पीडित ब्यक्तिलाई मनासिब क्षतिपूर्ति भराई दिनु पर्नेछ ।

## ७.५ भेदभाव तथा अन्य अपमानजन्य व्यवहार सम्बन्धी कसूर

**भेदभावपूर्ण व्यवहार गर्न नहुने :** कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक कानून बमोजिम अधिकार प्रयोग गर्ने अधिकारीले त्यस्तो अधिकार वा सामान्य कानूनको प्रयोग गर्दा उत्पत्ति, धर्म, वर्ण, जात,जाति, लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा कुनै पनि नागरिकमाथि जानीजानी भेदभावपूर्ण व्यवहार गर्न हुँदैन ।

### ११८. भेदभावपूर्ण कसूर गर्ने वा गराउने व्यक्तिलाई के कस्तो सजायको व्यवस्था गरिएको छ ?

भेदभावपूर्ण कसूर गर्ने गराउने व्यक्तिलाई ३ वर्षसम्म कैद वा ३० हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने व्यवस्था गरिएको छ ।

**जवर्जस्ती काममा लगाउन नहुने :** कसैले कसैलाई निजको इच्छा विरुद्ध काममा लगाउन हुदैन तर सार्वजनिक कामको

लागि कानून बमोजिम श्रममा लगाउन बाधा पुर्‍याएको मानिने छैन ।

### ११९. जवर्जस्ती काममा लगाउने कसूरमा के कस्तो सजायको व्यवस्था गरिएको छ ?

जर्वजस्ती काममा लगाउने कसूर गर्ने वा गराउने व्यक्तिलाई ३ महिनासम्म कैद वा ५ हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

### हदम्याद (उजुरी) सम्बन्धी व्यवस्था :

कसूर भए गरेको थाहा पाएको मितिले छ महिना भित्र उजुर गर्नुपर्दछ ।

**दास बनाउन नहुने :** कसैले कुनै व्यक्तिलाई दास वा कमारा, कमारी, बनाउन, त्यस्तो हैसियतमा राख्न, काममा लगाउन वा सो सरहको अन्य कुनै पनि व्यवहार गर्न वा गराउन हुँदैन ।

### १२०. दास बनाउने कसूरमा के कस्तो सजायको व्यवस्था गरिएको छ ?

दास बनाउने कसूर गर्ने वा गराउने व्यक्तिलाई ५ वर्षदेखि १० वर्षसम्म कैद र ५० हजारदेखि १ लाख रुपैयाँसम्म जरिवाना हुनेछ ।

**हदम्याद:** दास बनाउने कसूरमा जहिलेसुकै उजुर लाग्नेछ।

**बन्धक बनाउन वा बाँधा राख्न नहुने:** कसैले कुनै व्यक्तिलाई कुनै पनि प्रकारको प्रतिफल बापत कमैया राख्न वा बन्धक बनाउन वा बाँधा राख्न वा बाँधाको हैसियतमा काममा लगाउन वा सो सरहको अन्य कुनै पनि प्रकारको व्यवहार गर्न वा गराउन हुँदैन।

## बन्धक बनाउने वा बाँधा राख्ने कसूरमा के कस्तो सजायको व्यवस्था गरिएको छ ?

कसूर गर्ने वा गराउने व्यक्तिलाई ३ वर्षदेखि ७ वर्षसम्म कैद र ३० हजार रुपैयाँदेखि १ लाख रुपैयाँसम्म जरिवाना हुनेछ।

**हदम्याद:** बन्धक बनाउने वा बाँधा राख्ने कसूरमा जहिलेसुकै उजुर लाग्नेछ।

**सामाजिक रीति स्थितिमा खलल पार्न नहुनै :** कसैले कसैको सामाजिक रीति स्थितिमा खलल पर्ने वा खलल हुने गरी झुक्याई वा जवर्जस्ती गरी कुनै काम गर्न वा गराउन हुँदैन।

**स्पष्टीकरण :** जातीय भेदभाव हुने रीतिस्थितिलाई सामाजिक रीतिस्थिति मानिने छैन।

## १२१. सामाजिक रीतिस्थिति खलल पार्ने कसूरमा के कस्तो सजायको व्यवस्था गरिएको छ ?

यस बमोजिमको कसूर गर्ने व्यक्तिलाई १ वर्षसम्म कैद वा १० हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

### हदम्याद (उजुरी) सम्बन्धी व्यवस्था :

कसूर भए गरेको थाहा पाएको मितिले छ महिना भित्र उजुर गर्नुपर्दछ ।

## १२२. के कस्तो कार्यलाई जातिपातिको आधारमा छुवाछुत वा भेदभावपूर्ण व्यवहार गरिएको मानिन्छ ?

- प्रथा, परम्परा, धर्म, संस्कृति, रितिरिवाज, जात, जाति, समुदाय, पेशा, व्यवसाय, शारीरिक अवस्था वा सामाजिक सम्प्रदायको उत्पत्तिको आधारमा छुवाछुत वा अन्य कुनै किसिमको भेदभावजन्य व्यवहार गर्ने
- सार्वजनिक स्थलमा उपस्थित हुन वा सार्वजनिक प्रकृतिका धार्मिक स्थलमा प्रवेश गर्न रोक्ने
- सार्वजनिक प्रयोगमा रहेको पानी, पधेरो प्रयोग गर्न बञ्चित गर्ने
- निजी वा सार्वजनिक उपयोग वा सुविधाका कुराको प्रयोग गर्नबाट बञ्चित गरेमा ।

## १२३. जातिपातिको आधारमा छुवाछुत वा अन्य भेदभावपूर्ण व्यवहारको कसूर गर्ने वा गराउने व्यक्तिलाई कति सजाय हुन्छ ?

- जातिपातिको आधारमा छुवाछुत वा अन्य भेदभावपूर्ण व्यवहारको कसूर गर्ने वा गराउने व्यक्तिलाई ३ वर्षसम्म कैद वा ३० हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।
- राष्ट्रसेवकले सो कसूर गरेमा थप ३ महिनासम्म कैद हुनेछ ।

### हदम्याद (उजुरी) सम्बन्धी व्यवस्था :

कसूर भए गरेको थाहा पाएको मितिले छ महिना भित्र उजुर गर्नुपर्दछ ।

## १२४. अपमानजनक वा अमानवीय कसूरमा के कति सजायको व्यवस्था गरिएकोछ ?

- अपमानजनक वा अमानवीय कसूर गर्ने व्यक्तिलाई ५ वर्षसम्म कैद र ५० हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।
- महिलाको रजस्वला वा सुत्केरीको अवस्थामा छाउपडीमा राख्न वा अन्य कुनै किसिमका भेदभाव, छुवाछुत वा अमानवीय व्यवहार कसूर गर्ने व्यक्तिलाई ३ महिनासम्म कैद वा ३ हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।

- राष्ट्रसेवकले अपमानजनक वा अमानवीय कसूर गरेमा थप ३ महिनासम्म कैद सजाय हुनेछ ।
- कसूर गर्ने व्यक्तिबाट पीडितलाई पुगेको क्षति वा पीडा बापत मनासिब क्षतिपूर्ति भराई दिनु पर्नेछ ।

### अपमानजनक वा अमानवीय कसुरमा हदम्याद (उजुरी) सम्बन्धी व्यवस्था :

कसूर भए गरेको थाहा पाएको मितिले छ महिना भित्र उजुर गर्नुपर्दछ ।

## १२५. कसैले कसैलाई आत्महत्या गर्न दुरुत्साहन दिएमा के हुन्छ ?

कसैले कसैलाई आत्महत्या गर्न दुरुत्साहन दिन वा त्यस्तो काम गर्ने सम्मको परिस्थिति खडा गर्न वा गराउन हुँदैन । कसैले त्यस्तो कसूर गरेमा ५ वर्षसम्म कैद र ५० हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।

यो कसूरबाट कसैको जिउ, ज्यान वा सम्पत्तिमा हानि, नोक्सानी वा क्षति भएमा कसूरदारबाट पीडित व्यक्ति र निज नभए निजको हकवालालाई मनासिब क्षतिपूर्ति भराई दिनु पर्नेछ ।

### हदम्याद (उजुरी) सम्बन्धी व्यवस्था :

यो कसूरमा कसूर भएको थाहा पाएकको मितिले छ महिना नाघेपछि उजुर लाग्ने छैन ।

प्रकाशन सहयोगी संस्था

www.vsointernational.org

from the British people